
# शारदा चिनारी

स्थानीय तहको पाठ्यक्रम (आधारभूत तह १–८)





प्रकाशक:

शारदा नगरपालिका, सल्यान

# नक्सामा शारदा नगरपालिका




## शारदा नगरपालिका, सल्यान

**सर्वाधिकार प्रकाशकमाः**

**प्रमुख संरक्षक**

श्री प्रकाश भण्डारी (नगर प्रमुख, शारदा नगरपालिका, सल्यान)

**संरक्षक**

श्री सुस्मिता सापकोटा (नगर उपप्रमुख, शारदा नगरपालिका, सल्यान)

**सल्लाहकार**

श्री लिलाधर ववाल (निमित्त प्रमुख प्रशासकिय अधिकृत, शारदा नगरपालिका सल्यान)
श्री गोपाल वली, (लेखा अधिकृत सातौँ, शारदा नगरपालिका सल्यान)
श्री संगिता बुढा, (शिक्षा अधिकृत छैठौँ तथा शिक्षा शखा प्रमुख, शारदा नगरपालिका सल्यान)

**प्राविधिक सहयोग तथा विषयवस्तु सम्पादन**

श्री पुरूषोत्तम गिरी, (कार्यकारी निर्देशक, मेरिगोल्ड कन्सलट्यान्ट प्रा.लि. सल्यान)

**पाठ्यक्रम निर्माण कार्यदल**

संयोजकः श्री जङ्ग बहादुर बुढा मगर (वडा अध्यक्ष, शारदा नगरपालिका वडा नं. १३ सल्यान)
सदस्यः विर बहादुर सेजवाल (नगर शिक्षा समिति सदस्य )
सदस्यः गोवर्धन थापा (शारदा नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा)
सदस्यः पुष्पराज शर्मा (शिक्षक, श्री त्रिभुवन जन माध्यमिक विद्यालय, लुहापिङ्क, सल्यान)

**भाषा सम्पादन**

श्री जङ्ग बहादुर बुढा मगर (वडा अध्यक्ष, शारदा नगरपालिका वडा नं. १३ सल्यान)

**आवरण डिजाइनः**

श्री योगराज विश्वकर्मा


**प्रकाशक**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
खलंगा, सल्यान

# भूमिका

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक अधिकारको रूपमा प्रत्याभूत गरेको छ । विकासको पूर्वाधार मध्ये शिक्षा भने अन्य पूर्वाधारहरूको विकासको समेत आधार हो । समाज एवम् राष्ट्रको आवश्यकता अनुसारको दक्ष र नैतिकवान मानव संसाधनको विकास गरी समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच पूरा गर्न सकिन्छ । ज्ञान र प्रविधिमा आधारित कामको संसारमा आन्तरिक एवम् वाह्य स्रोत र साधन तथा अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालन गरी समाज र देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्न सकिन्छ । बालबालिकालाई स्थानीय आवश्यकता अनुसारको संस्कार सहितको शिक्षा प्रदान गर्नु तथा उनीहरूको परिवेशसँग परिचित गराउनु अहिलेको आवश्यकता हो । सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणका लागि बालबालिकालाई उनीहरूको समाज, संस्कार, सस्कृति, सम्पदा, प्रकृति, भाषा, कला र वातावरणसँग परिचित भई समाजमा समायोजन हुने असल नागरिक तयार गर्न स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम र शिक्षा हुनु आवश्यक हुन्छ ।

यस शारदाको चिनारी नामक स्थानीय पाठ्यक्रम निर्माणका क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ ले निर्धारण गरेको मापदण्ड र प्रक्रियागत चरणलाई अनुशरण गरिएको छ । पाठ्यक्रम निर्माणका लागि नगर शिक्षा समितिबाट पाठ्यक्रम निर्माण कार्यदल गठन गरिएको थियो । कार्यदलले स्थानीय आवश्यकताको पहिचान गरी सो खाकामा नगर भित्रका विभिन्न सरोकारवालासँग अन्तरक्रिया गरी राय सुझाव सङ्कलन गरिएको थियो । साथै सामाजिक सञ्जाल, इमेलमार्फत समितिले राय सुझाव प्राप्त गरेको थियो । कक्षा १ देखि ५ सम्म पहिले नै स्थानीय पाठ्यत्रmम निर्माण भएको भएता पनि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ ले निर्धारण गरेको मापदण्ड र प्रक्रियागत चरणलाई अनुशरण नगरेकोले परिमार्जन गरिएको छ । यसैगरी कक्षा ६ देखि ८ सम्मको नयाँ पाठ्यत्रmम निर्माण गरिएको छ ।

यो पाठ्यत्रmम यसै शैक्षिक सत्रबाट कक्षा १ देखि ८ सम्म स्थानीय विषयको पाठ्यक्रम यस नगरपालिका भित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकै साथ लागु गरिनेछ । यस पाठ्यक्रमले व्यावहारिक विषयवस्तु समावेश गरेको छ भने सिकाइ सहजीकरण प्रक्रियासमेतलाई प्रयोगात्मक तथा परियोजनामा आधारित सिकाइ विधिको अवलम्बन गर्नुपर्ने कुरालाई जोड दिएको छ । यस पाठ्यक्रमको कार्यान्वयनले शारदा नगरपालिकाको विविध पक्षको बारेमा विद्यार्थीहरूमा ज्ञान, सिप, अभिवृत्ति तथा मूल्य र कार्य गर्नसक्ने तत्परताको विकास गरी उनीहरूमा आफ्नो नगरपालिका प्रतिको माया र प्रेम जागृत हुने तथा यस क्षेत्रको विविध पक्षको विकासका निम्ति समालोचनात्मक सहयोग प्रदान गर्ने अपेक्षा समेत गरिएको छ ।

पाठ्यक्रम निर्माणमा अहोरात्र खट्ने कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नुहुने प्राविधिक सल्लाहकार, अन्तरक्रिया कार्यत्रmममा सत्रीय साहभागी हुने जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । अन्त्यमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई निरन्तर परिमार्जन र सुधारका लागि पृष्ठपोषण प्रदान गरिदिनहुन सम्बन्धित सबै सरोकारवालामा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

प्रकाश भण्डारी
नगर प्रमुख
शारदा नगरपालिका, सल्यान

# विषय सूची


| क्र.स. | शिर्षक | पेज |
|---|---|---|
| १. | परिचय | १ |
| २. | तहगत सक्षमता | २ |
| ३. | कक्षागत सिकाइ उपलब्धि | ३ |
| ४. | विषयबस्तुको क्षेत्र र क्रम | १२ |
| ५. | विषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया | २० |
| ६. | सम्भावित प्रयोगात्मक तथा परियोजना कार्य | १२७ |
| ७. | सिकाइ सहजीकरण विधि र प्रक्रिया | १३१ |
| ८. | विद्यार्थी मूल्याङ्कन | १३४ |


**अनसूची**


अनसूची - १. विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण फाराम कक्षा १ देखि ३ १४०

अनसूची - २. विशिष्टीकरण तालिका (कक्षा ८) १५२

## १. परिचय

नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखेको छ । शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरी शैक्षिक अधिकारको निक्षेपण र स्थानीयकरण मार्फत बलियो शैक्षिक जग निर्माणको मार्ग प्रशस्त गरेको छ । १५ औँ योजनाले परम्परागत र स्थानीय ज्ञान, सिप र प्रविधिको संवर्द्धन तथा संरक्षण गर्दै वैज्ञानिक खोज एवम् अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने रणनीति तय गरेको छ । 'राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' ले आधारभूत तहमा एउटा विषयका रूपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम स्थानीय तहले तयार गरी पठनपाठन गराउनुपर्ने व्यवस्था गरेको छ । सङ्घीय सरकारले समग्र पाठ्यक्रम तथा परीक्षासम्बन्धी मापदण्ड, नीति, गुणस्तरका सूचक र बेन्चमार्क तयार गर्नुपर्ने, प्रदेश सरकारले सो सम्बन्धमा क्षमता विकास र समन्वय गर्ने तथा स्थानीय सरकारले सङ्घीय नीतिभित्र रही स्थानीय नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी दिगो विकासका लक्ष्य, २०३० को सफल कार्यान्वयनका राष्ट्रिय रणनीतिमा समेत स्थानीय क्षमता, ज्ञान, सिप र प्रविधिलाई सबलीकरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

यो पाठ्यक्रम 'राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' र 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन ( मातृभाषासहित), २०७६' ले निर्दिष्ट गरेका प्रावधानलाई ध्यान दिई विकास गरिएको छ । यो पाठ्यक्रम निर्माणको मुख्य उद्देश्य स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सहभागीता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने, विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृत्तिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य मान्यता, वातावरण संरक्षण तथा प्रवर्द्धन गर्ने रहेको छ । यसका लागि प्रारम्भिक कक्षादेखि नै स्थानीय परिवेशसँग परिचित गराउनका लागि स्थानीय पाठ्यक्रमको महत्वपूर्ण भूमिका हुन्छ । स्थानीय ज्ञान, सिप, प्रविधि, संस्कृति, प्रकृति, संस्कार, कला, भाषा, साहित्यको संवर्द्धन र सबलीकरणबाट मात्र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने सोच, क्षमता विकास र वस्तु उत्पादन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी स्थानीय पाठ्यक्रमको अवधारणालाई अगाडि सारिएको छ । यस पाठ्यक्रममा विशेषतः शारदा नगरपालकिाको परिचय, नक्साङ्कन र इतिहास, नगरपालिकाको गठन, सेवा प्रवाह र नगरभित्रको रीतिरिवाज, संस्कार र संस्कृति, स्थानीय धार्मिक र पर्यटकीय स्थलहरू, स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधि, स्थानीय प्रकोप र जोखिमको पहिचान तथा व्यवस्थापन जस्ता पक्षहरू समावेश गरिएका छन् । गरेर सिक्ने पद्धतिमा आधारित भई सिकाइ सहजीकरण गर्ने र विद्यार्थीहरू स्वयंले विभिन्न माध्यमबाट प्राप्त ज्ञान, सिप र अभिवृत्तिलाई विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापलाई जोड दिएको छ ।

## २. तहगत सक्षमता

**(क) कक्षा : १-३ का सक्षमता**

१. गाउँटोल, वडा र शारदा नगपालिकाको सामान्य परिचय

२. स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको पहिचान

३. संस्कार, कला र संस्कृतिको सचेतना विकास र सामाजिक शिष्टाचार तथा नियमहरूको पालना

४. व्यक्तिगत सरसफाइ, व्यायाम र स्थानीय खेलसँग समायोजन

५. स्थानीय प्रकोपसँग परिचित

६. कृषि तथा स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिसँग परिचित

**(ख) कक्षा : ४-५ का सक्षमता**

१. शारदा नगपालिकाको संक्षिप्त परिचय, नक्साङ्कन र अवस्था पहिचान, स्थानीय सामाजिक संस्थाहरु र ख्यातिप्राप्त व्यक्तिको सामान्य चिनारी

२. स्थानीय धार्मिक तथा प्राकृतिक स्थलको परिचय र महत्व बोध

३. संस्कार, कला र संस्कृतिको परिचय र महत्व वोध, जीवनोपयोगी सिप र मानव मूल्यका क्रियाकलापको परिचय र महत्व बोध एवम् अभ्यास

४. स्वास्थ्य, सरसफाइ, व्यायाम र प्राणायाम अभ्यास

५. स्थानीय प्रकोप र जोखिमका क्षेत्रहरूको पहिचान तथा हरित विद्यालयको अवधारणासँग परिचित

६. कृषि तथा स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधि प्रति सम्मान तथा सिपको अभ्यास

**(ग) कक्षा ६-८ का सक्षमताहरू**

१. शारदा नगरपालिका, सल्यान जिल्ला र कर्णाली प्रदेशको नक्सांकन सिप विकास तथा नगरबाट प्रवाह हुने विभिन्न सेवाहरूको पहिचान र त्यसको प्रभावकारिता खोजी

२. स्थानीय सरकारको परिचय, गठन, काम, कर्तव्य र अधिकारको जानकारी र शारदा नगरपालिकाले जारी गरेका कानुनी प्रावधानको जानकारी

३. शारदा नगरपालिकाको साँस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यटकिय, प्राकृतिक श्रोत लगायतका अवस्थाको विश्लेषण, महत्व र संरक्षणका उपायहरू अवलम्वन

४. शारदा नगरपालिका भित्र गरिने फलफूल, तरकारी खेती, पशुपंक्षी पालन, जडिवुटी खेती, बेमौसमी खेती, हस्तकलाका सामग्री निर्माण, प्रविधिको पहिचान, महत्व र प्रवर्द्धनका उपायहरूको खोजी

५. सद्व्यवहार, सामाजिक मूल्य मान्यता, अन्धविश्वास तथा कुरीति, स्वस्थकर जीवनशैलीको लागि योगको भूमिका र संतुलित भोजनको अवलम्वन

६. शारदा नगरपालिका वरपरको वातावरण, दिगो विकास, हरित विद्यालयको अवधारणावोध, प्रयोग र प्रवर्द्धन

७. शारदा नगरपालिका भित्र देखा पर्न सक्ने विपदहरूको पहिचान, तिनीहरूको जोखिम न्यूनिकरण एवम सुरक्षा व्यवस्था सम्वन्धमा व्यक्तिगत कानूनी र संस्थागत प्रयासहरूको जानकारी तथा अवलम्वन

८. श्रृजनात्मक तथा व्यावहारिक लेखन सीपका आधारभूत पक्षहरूको जानकारी र लेखन सीपको विकास ।

## ३. कक्षागत सिकाइ उपलब्धि

### सिकाइ उपलब्धि कक्षा (१-३)

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | का.घ. |
|---|---|---|---|---|---|
| १ | हाम्रो शारदा नगरपालिका | • आफू बसोबास गरेको गाउँ टोलको नाम बताउन<br>• आफू बसोबास गरेको नगरपालिकाको नाम र वडा नम्वर बताउन<br>• नगरपालिकाको भौगोलिक स्वरूप पहिचान गर्न (हिमाल,पहाड,तराइ)<br>• घर तथा विद्यालय वरपरको वस्तु तथा स्थान (बाटोघाटो, बजार पूल) को पहिचान गर्न | • आफ्नो गाउँ टोलको सामान्य परिचय दिन<br>• आफू बस्ने स्थानका मुख्य टोल तथा वस्तिहरूको पचिान गर्न<br>• वडा भित्रका खोलानाला,ताल तलैया चौताराको अवस्थिति पत्ता लगाउन<br>• वडा अध्यक्षको नाम बताउन | • आफू बसेको नगरपालिकाको नाम र पालिका भित्रका वडाहरूको संख्या र पहिचान (नक्सामा रंग भरेर)<br>• आफू बसोबास गरेको नगरपालिका भित्रका मुख्य मुख्य सडकहरूको नाम र अवस्थिति पहिचान गर्न<br>• आफू बसेको वडाका जन प्रतिनिधिहरूको वडा समिति)पहिचान गर्न | ३४ |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | • आफ्नो बसोबास भएको क्षेत्र वरिपरिको स्थानीय वन जंगल र नदी, खोलाको नाम बताउन,<br>• पानीको घरायसी प्रयोग गर्न<br>• स्थानीय चाडपर्वको नाम बताउन | • वनजंगल र पानीको महत्व बताउन<br>• स्थानीय वनजंगललाई आगलागीबाट जोगाउन गर्नुपर्ने उपाय बताउन<br>• स्थानीय मेलाको सामान्य परिचय बताउन | • वनका प्रकार र सामुदायिक वनको सामान्य चिनारी<br>• पानीको स्रोतको परिचय बताउन<br>• स्थानीय मठमन्दिरको सामान्य परिचय अभिब्यक्त गर्न | २५ |
| ३ | संस्कार, कला संस्कृति र मानवीय मूल्य | • न्वारन वा नाम कर्मका बारेमा संक्षिप्त रूपमा बताउन<br>• स्थानीय नाचको परिचय दिन<br>• आदरार्थी शब्दको प्रयोग गरेर बोलि ब्यबहार गर्न | • अन्नप्राशन वा पास्नीको छोटो परिचय दिन<br>• स्थानीय जात्राको सामान्य परिचय<br>• आदरार्थी शब्दको प्रयोग गरी मिलिजुलि बस्न सिक्नु | • कान छेड्ने (कर्णवेध) बारे संक्षिप्त परिचय दिन<br>• स्थानीय बाजाको परिचय बताउन<br>• आदरार्थी शब्द प्रयोग गरी अर्थपूर्ण वाक्य निर्माण गर्न | २५ |
| ४ | स्वास्थ्य र सरसफाइ | • शरीरका अंगहरूको सरसफाइ गर्न<br>• व्यतिगत सरसफाइका लागि आवस्यक सामग्रीहरूको नाम भन्न<br>• सरसफाइ गर्नुपर्ने स्थानको नाम भन्न | • आफ्नो शरीरको सरसफाइ गर्न<br>• शरीर सफाइ गर्दा हुने फाइदा बताउन<br>• दैनीक रूपमा गरीने सरसफाइको | • स्वस्थ शरीरका लागि आवश्यक तत्वहरू बताउन<br>• व्यक्तिगत सरसफाइका फाइदा र सरसफाइ नगर्दाका बेफाइदा | २५ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | का.घ. |
|---|---|---|---|---|---|
| | | • घर आँगनको सरसफाइमा अभिभावकसँग सहकार्य गर्न | सुची बनाउन<br>• घर तथा विद्यालयको सरसफाइमा सहभागी हुन | बताउन<br>• आफ्नो वरपरको वातावरणको सरसफाइमा सहभागी हुन<br>• ध्यान तथा योगाभ्यासमा सहभागी हुन | |
| ५ | विपद् व्यवस्थापन | • आफ्नो् घर, टोल, बाटो, विद्यालय तथा वडा भित्र वरपर हुन सक्ने विपद र दुर्घटनाहरूको पहिचान गर्न<br>• उल्लिखित विपद र दुर्घटनाबाट बच्ने सामान्य अभिनय अभ्यास गर्न | • घर, टोल, बाटो र विद्यालय वरपर भएका विपदको पहिचान गर्न<br>• स्थानीय स्तरमा हुन सक्ने विपद र दुर्घटनाहरु जस्तै सडक दुर्घटना, खोलानाला, पहिरो आगलागीप्रति सजगता अपनाउन | • घर, टोल, बाटो, विद्यालय र वडामा भएका विपदको पहिचान गर्न र बच्ने उपायहरु बताउन<br>• स्थानीय स्तरमा हुन सक्ने विपद र दुर्घटनाहरूको सामान्य परिचय दिन<br>• स्थानीय स्तरमा हुन सक्ने विपद र दुर्घटनाहरूबाट बच्ने उपायहरु पहिचान गर्न र अवलम्बन गर्न | १५ |
| ६ | कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि | • घरमा गरिने तरकारी खेती, अन्नबाली नगदेबाली, फलफूल र जडिबुटीको पहिचान गर्न<br>• स्थानीय तथा रैथाने प्रविधिहरु (ढिकी जाँतो) को नाम बताउन<br>• आफ्नो वरपर रहेका घरेलु तथा साना उद्योगहरूको नाम बताउन<br>• घर तथा गाउँमा गरिने पशुपालनबारे बताउन स्थानीय तथा परम्परागत नापतौलबारे बताउन ।<br>• आफ्ना अभिभावकको पेशा तथा व्यसायको नाम बताउन | • आफ्नो समुदायमा गरिने तरकारी खेती, अन्नबाली नगदेबाली, फलफूल र जडिबुटीको महत्व पहिचान गर्न<br>• घर तथा स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक प्रविधिहरूका नाम बताउन<br>• आफ्नो स्थानीय स्तरमा रहेका उद्योग तथा कलकारखानाहरूको नाम बताउन<br>• स्थानीय वस्तुहरू (बाँस, माटो, पराल, खर, काठ) बाट निर्मित सामग्रीहरूको पहिचान गर्न र काम बताउन<br>• खानेकुराको श्रोत (कृषिजन्य र | • आफ्नो वडा भित्र भएका पशुपालन, तरकारी खेती, नगदेवाली खेती, मसलाबाली खेती, फलफूल खेती तथा उत्पादन भएका सामानहरूको सूची बनाउन र पहिचान गर्न ।<br>• पेसालाई वर्गीकरण गर्न र सम्मान गर्न<br>• स्थानीय स्तरका व्यावसायिक पेसाहरूको नाम बताउन<br>• स्थानीय र आधुनिक प्रविधिहरूको पहिचान तथा वर्गीकरण गर्न<br>• स्थानीय उद्योगहरूको सामान्य परिचय दिन<br>• विभिन्न पेशा व्यवसायमा प्रयोग हने औजारहरूको नाम र प्रयोग गर्ने | ३६ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | का.घ. |
|---|---|---|---|---|---|
| | | | पशुजन्य) पहिचान गर्न<br>● आफ्नो स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसायको नाम बताउन<br>● गाउँटोलका मानिसहरूले गर्ने पेसा र व्यवसायको सामान्य परिचय दिन<br>● किनमेल गर्ने स्थानको नाम र सामानहरूको विवरण बताउन | तरिका बताउन<br>● मौसम अनुसारको खेतिपातीको सूची तयार गरी बताउन<br>● रैथाने प्रविधिको प्रयोगको अवलोकन गरी बताउन | |

**सिकाइ उपलब्धि कक्षा (४-५)**

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ४ | कक्षा ५ | का.घ. |
|---|---|---|---|---|
| १ | हाम्रो शारदा नगरपालिका | ● शारदा नगर पालिकाको सामान्य परिचय दिन<br>● आफू बसोबास गरेको वडाको परिचय दिन<br>● भौगोलिक स्वरूप अन्तर्गत आफू बसोबास गरेको नगरपालिकाको सिमाना जोडिएका पालिकाहरूको पहिचान गर्न<br>● नगरपालिकाको कूल क्षेत्रफल बताउन<br>● सल्यान जिल्लाको नक्सामा आफ्नो नगरपालिकाको पहिचान गर्न<br>● वडा वा नगर भित्र क्रियाशील सामाजिक संघ संस्थाहरू (रेडक्रस,बालक्लव,युवा क्लव आदि) को परिचय दिन<br>● शारदा नगरपालिकाका प्रमुख र उप-प्रमुखको नाम बताउन | ● शारदा नगरपालिकाको ऐतिहासिक परिचय बताउन<br>● आफ्नो पालिकाको नामाकरण गर्नुको कारण पहिचान गर्न<br>● पालिकाको बनावट र नक्सा निर्माणको अभ्यास गर्न<br>● भौगोलिक स्वरूप (सुगम,दुर्गम,नजिक,टाढाको) बताउन<br>● वडाको क्षेत्रफल बताउन<br>● नगरपालिकाको जनसंख्या (महिला र पुरूषको समेत जम्मा) बताउन<br>● नगरपालिका भित्रका सामाजिक संघ संस्थाहरूको परिचय र योगदान बताउन(युवाक्लव,रेडक्रस,आमा समूह,बनउपभोक्ता समूह)<br>● वडा कार्यालयबाट प्रवाह हुने सेवाहरूको बारे बताउन | २४ |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | ● सामुदायिक वन र निजि वनको परिचय तथा सामान्य भिन्नता बताउन<br>● शारदा नदिको पानीको उपयोगीता बताउन | ● वनजंगलको उपयोगीता वर्णन गर्न<br>● पानीको मुहानको संरक्षण गर्ने तरिका बताउन<br>● स्थानीय जडीबुटीको महत्व बताउन | २० |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ४ | कक्षा ५ | का.घ. |
|---|---|---|---|---|
| | | • वन जंगलको संरक्षण गर्ने तरिका बताउन<br>• स्थानीय मठमन्दिरका समस्याहरू बताउन | • शारदा नदिका फाइदाहरू उल्लेख गर्न<br>• स्थानीय मठमन्दिरको धार्मिक महत्व बताउन | |
| ३ | संस्कार, कला संस्कृति र मानवीय मूल्य | • विद्यारम्भ संस्कारका बारे संक्षेपमा बताउन<br>• जातजातिको वर्गीकरण गर्न<br>• स्थानीय समुदायले मान्ने धर्मको परिचय दिन<br>• आदरार्थी शब्दको महत्व बताउन<br>• लाखे नाचको परिचय बताउन | • चूडाकर्म संस्कारबारे संक्षेपमा बताउन<br>• मठ मन्दिरको संरक्षणमा समाजको भूमिका उल्लेख गर्न<br>• आदरार्थी शब्दका किसिमहरू गर्न<br>• वातावरणीयय सरसफाइको बारेमा बताउन | २० |
| ४ | स्वास्थ्य र सरसफाइ | • आफु भन्दा सानालाई व्यक्तिगत सरसफाइका तरीका बताउन<br>• व्यक्तिगत सरसफाइको महत्व वताउन<br>• वातावरणीयय सरसफाइको फाइदा र नगर्दाको बेफाइदा वताउन<br>• स्वस्थ भोजन पहिचान गर्न<br>• योगाको परिचय दिन<br>• योगाभ्यास ( सूर्य नमस्कार) गर्न | • आफूभन्दा सानालाई वातावरणीयय सरसफाइमा सहयोग गर्न<br>• वातावरणीयय सरसफाइ नगर्दा हुने समस्या वताउन<br>• स्वस्थ र अस्वस्थ भोजन छुट्याउन तथा सोही अनुसार छुट्याएर खान<br>• विद्यालयमा खाइने स्वस्थकर खाना पहिचान गर्न<br>• योगको महत्व वताउन र योगाभ्यास (कपालभाती) गर्न | २० |
| ५ | विपद् व्यवस्थापन | • प्रकोप र विपद्को सामान्य परिचय दिन<br>• प्राकृतिक विपदहरु; जस्तै-बाढी, आगलागी, पहिरो, भुकम्प, चट्याङ्ग आदिका कारण र यसले पुर्‍याउने असर तथा यसबाट बच्ने उपायहरु बताउन । | • मानव निर्मित विपद्हरुको सामान्य जानकारी दिन<br>• प्राकृतिक विपद् र मानव सिर्जित विपद्मा भिन्नता बताउन<br>• प्राकृतिक तथा मानव सिर्जित विपद्हरुको कारण र न्यूनकीरण गर्ने उपायहरु बताउन<br>• विपद व्यवस्थापनका उपायहरु बताउन | १२ |
| ६ | कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि | • पेसाको वर्गीकरण (उत्पादन तथा सेवामूलक) गर्न<br>• स्थानीय स्तरमा निर्मित हस्तकलाका सामानहरू ( डोको, हलो, डालो आदि) को परिचय दिन र महत्व बताउन<br>• स्थानीय स्तरमा सञ्चालित साना व्यवसाय तथा | • मध्यम र उच्चस्तरीय पेसा (परिचय, महत्व, प्रवेश योग्यता) परिचय दिन<br>• स्थानीय सिप र प्रविधिबाट विभिन्न घरेलु सामान निर्माणमा सहयोग र आवश्यकता अनुसार प्रयोग गर्न (डोको, डालो, नाम्लो, दाम्लो, हलो, जुवा, कुटो, | ३२ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ४ | कक्षा ५ | का.घ. |
|---|---|---|---|---|
| | | कृषिजन्य उत्पादनको सामान्य जानकारी दिन<br>● करेसाबारी र कौसी खेतीको परिचय, छनौट गर्न र उक्त कार्यमा सहभागी हुन<br>● स्थानीय स्तरमा पाइने फलफूलहरूको सूची बनाइ त्यसको परिचय र महत्व बताउन<br>● माटोको उर्वरा शक्ति संरक्षणका उपायबारे सामान्य जानकारी दिन<br>● बिउ छनोट (रैथाने र आधुनिक) गर्ने तरिका बताउन<br>● ब्याड निर्माण गर्न र बिरुवाको हेरचाह गर्न ्<br>● प्राङ्गारिक मलको परिचय दिन र प्रयोग गर्न<br>● कृषि कार्यसँग सम्बन्धित औजारहरूको परिचय दिन र प्रयोग गर्न<br>● घरायसी आधुनिक प्रविधिको परिचय दिन र सुरक्षित साथ प्रयोग गर्न | कोदालो)<br>● नगरपालिका भित्रका कृषि र नगदेवाली पकेटक्षेत्र पहिचान गर्न<br>● व्यावसायिक कृषिको महत्व बताउन<br>● स्थानीय स्तरमा गरिने केही प्रमुख फलफूल तथा तरकारी खेतीको परिचय र महत्व बताउन<br>● फलफूल तथा तरकारीमा लाग्ने रोग तथा किरा पहिचान र परम्परागत रोकथाम र संरक्षणका उपायहरु खोजी गर्न<br>● रासायनिक मल र यसको प्रयोगबाट हुने बेफाइदा बताउन<br>● प्राङ्गारिक मल बनाउने तरिका र यसका फाइदा बताउन<br>● परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध छुट्याउन<br>● स्थानीय प्रविधि र कार्य सिद्धान्त (हलो, पानीघट्ट, कोल) वर्णन गर्न<br>● घरायसी केही आधुनिक प्रविधिहरूको परिचय दिन र सुरक्षित तरिकाले प्रयोग गर्न<br>● मोबाइल, सिम कार्ड, रिचार्ज गर्ने तरिका बताउन र रिचार्ज गर्न<br>● पर्यावरणीय कृषि (बहुवाली, वालीचक्र, घुम्ती वाली, food forest, Family farming) बारे सामान्य जानकारी दिन र परिवारलाई सहयोग गर्न । | |

## सिकाइ उपलब्धि कक्षा (६-८)

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| १ | हाम्रो शारदा नगरपालिका | • शारदा नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि बताउन<br>• आफ्नो नगरपालिकाको नामाकरण हुनुका कारण पहिचान गर्न<br>• नगरपालिकाको कूल जनसंख्याका साथै लिंग र जातिगत जनसंख्या बताउन<br>• नेपालको नक्सामा सल्यान जिल्लाको नक्सा पहिचान र निर्माण गर्न<br>• सल्यान जिल्लाका १० वटा स्थानीय तहको नाम बताउन<br>• शारदा नगरपालिकाको प्रशासनिक संरचना र प्रवाह गर्ने सेवाहरू बताउन<br>• शारदा नगरपालिका तथा आफ्नो वडाको सफा नक्सा कोर्न<br>• भौगोलिक स्वरूप जिल्ला सदरमुकाम देखि प्रदेश सदरमुकामको दूरी(वडादेखि पालिका ,पालिका देखि जिल्ला सदरमुकाम,जिल्ला सदरमुकाम देखि प्रदेश सदरमुकाम)<br>• नगरको क्षेत्रफल र | • वडाको काम कर्तव्य र अधिकार उल्लेख गर्न<br>• नगरपालिकाद्धारा जारी गरिएका ऐन कानूनको सामान्य जानकारी दिन<br>• पालिकाको भौगोलिक स्वरूप (समुन्द्री सतह देखिको उचाइ,हावा पानी,देशको राजधानी देखिको दूरी) बताउन<br>• नगरपालिका तथा अन्य सम्पूर्ण वडाहरू समेत नामाङ्कित नक्सा निर्माण गर्न<br>• स्थानीय जिल्लाका शैक्षिक तथा प्रशासनिक संरचना र सेवा प्रवाह बारे सामान्य जानकारी दिन(वडा कार्यालय,शिक्षा विकास समन्वय इकाइ,नगरपालिका शिक्षा शाखा,जिल्ला प्रशासन,जिल्ला प्रहरी कार्यालय)<br>• वडामा रहेका स्वास्थ्य संस्थाबाट प्रवाह हुने मुख्य सेवाहरू बताउन<br>• नगरपालिकाका जनसंख्याको बनावट बारे बताउन(उमेरगत, लैंगिक, भाषिक, जातिगत, धार्मिक, शैक्षिक आदि) | • नगरपालिकाद्धारा जारी गरिएका शिक्षा ऐन तथा मुख्य कार्यविधिहरूको सामान्य जानकारी दिन<br>• स्थानीय सरकार सञ्चालन ऐनका मुख्य विशेषताहरू ब्ताउन<br>• विद्यालयमा गठन भएका वा हुने विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ तथा नगरपालिका अन्तर्गत गठित विभिन्न विषयगत समितिको जानकारी दिन र मुख्य कार्यहरू बताउन<br>• नगरपालिकाको भौगोलिक स्वरूप( हावा पानी,अक्षांस तथा देशान्तरीय अवस्थिती व्याख्या गर्न<br>• नगर पालिकाको सम्पूर्ण वडा अंकित नक्सा निर्माण गरी मुख्य मुख्य स्थलहरूको संकेतन गर्न( पर्यटकीय,प्राकृतिक,धार्मिक,प्रशासनिक, कृषि र औद्योगिक)<br>• नगरको क्षेत्रफल बताउन (सहरी क्षेत्रले,ग्रामिन क्षेत्रले,औद्योगिक क्षेत्रले ओगटेको क्षेत्रफल)<br>• नगरपालिकाको जनसांखिकी अवस्था र साक्षरता सहित (महिला, पुरूष,बालबालिका तथा युवा) पहिचान गर्न<br>• सामाजिक संघ संस्था परिचय दिन | २४ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| | | जनसंख्या बताउन<br>● वडागत जनसंख्या र लैंगिक जनसंख्या प्रतिशतमा बताउन<br>● पूर्वाधारको विकासमा पालिकाको भूमिका र पालिकाको विकासका लागि आवश्यक पूवाधारको पहिचान गर्न | | र योगदानको चर्चा गन -लायन्स क्लव,जेसिस,युवा क्लव | |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | ● स्थानीय वन, जंगल र नदी, खोलाको महत्व बताउन<br>● शारदा नगरपालिका भित्र रहेका गुफाको परिचय दिन<br>● खानेपानी संस्थाको परिचय दिन<br>● नदिजन्य पदार्थ ( जस्तै रोडा, बालुवा) को परिचय तथा उपयोगिता बताउन<br>● पाटीपौवाको परिचय बताउन | ● स्थानीय वन,जंगल, नदि र पानीको मुहान संरक्षणमा विद्यार्थीको भूमिका बताउन<br>● स्थानीय गुफाको महत्व ब्यक्त गर्न<br>● पानीका स्रोतहरू बताउन<br>● चून ढुंगाको उपयोगिता बताउन<br>● पाटीपौवाको महत्व बताउन | ● स्थानीय वन,जंगल, नदि र पानीको संरक्षणमा स्थानीयको भूमिका उल्लेख गर्न<br>● स्थानीय गुफाको संरक्षणमा स्थानीयको भूमिका बताउन<br>● खानेपानीका स्रोतहरू संरक्षणमा बिद्यार्थीको भूमिका ब्यक्त गर्न<br>● स्थानीय जनसमुदायका लागि चून ढुंगा आर्थिक मेरूदण्डको रूपमा रहेको भन्ने कुरा बताउन । | २० |
| ३ | संस्कार, कला संस्कृति र मानवीय मूल्य | ● विवाहको परिचय बताउन<br>● स्थानीय चाडपर्व र मेलाको संरक्षणमा नगरपालिकाको भूमिका बताउन<br>● अनुशासनको परिचय दिन<br>● असल ब्यक्तिमा हुनुपर्ने गुणहरू ब्यक्त गर्न<br>● शान्तिको परिचय बताउन | ● बैधानिक विवाहको परिचय बताउन<br>● स्थानीय चाडपर्व र मेलाको महत्व बताउन<br>● अनुशासनको महत्व उल्लेख गर्न<br>● स्वस्थ जीवनका तीन कुरा बताउन<br>● समाजमा हाम्रो कर्तब्यबारे बताउन | ● बैधानिक विवाहको महत्व ब्यक्त गर्न<br>● स्थानीय मठमन्दिरको जगेर्ना गर्न समाजको भूमिका उल्लेख गर्न<br>● स्वस्थ आहारविहारका स्रोतहरू बताउन<br>● शान्ति खलबल्याउने केहि शब्द र ब्यवहारहरू पहिचान गर्न<br>● नागरिक कर्तब्यहरूको सूची तयार गर्न | २० |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| ४ | स्वास्थ्य र सरसफाइ | • मानसिक स्वास्थ्य, स्वहेरचाह र तनाव व्यवस्थापनको बारेमा बताउन<br>• योगको परिचय वताउन<br>• सूर्य नमस्कार र कपालभाती अभ्यास गर्न<br>• शारीरिक व्यायाम गर्न र उक्त व्यायाम गर्ने सहि समय वताउन<br>• स्थानीय खानाको सूची बनाउन<br>• आफ्नो गाउँमा कार्यरत स्वास्थ्य स्वयम सेविकाको नाम तथा उनीले गर्ने काम वताउन | • मानसिक स्वास्थ्य, स्वहेरचाह र तनाव व्यवस्थापनको महत्व बताउन<br>• योग र ध्यानको परिचय वताउन<br>• -योगाभ्यास र शारीरिक कसरत गर्न तथा त्यसको महत्व वताउन<br>• -स्थानीय खानाको परिचय वताउन र खानाको ु.सूची बनाउन<br>• -सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाको परिचय दिन | • स्वहेरचाह र तनाव व्यवस्थापनको अभ्यास गरी लागु गर्न<br>• योगको सामान्य इतिहास वताउन र नेपालमा यसको अभ्यासबारे भन्न<br>• स्थानीय खानाको महत्व वताउन र उक्त खानाको संरक्षण गर्न<br>• सामुहिक योगाभ्यास तथा शारीरिक कसरतमा नेतृत्वदायी भुमिका खेल्न<br>• सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरूको योगदानको चर्चा गर्न | २० |
| ५ | विपद् व्यवस्थापन | • प्रकोप तथा विपद्हरु पहिचान गरी सामान्य जानकारी दिन<br>• प्रकोप तथा विपद्को भिन्नता बताउन र प्रकोपलाई विपद्मा परिणत हुन नदिनका लागि अवलम्बन गरिने प्रयासहरु बताउन<br>• विपद् जोखिम न्यूनीकरणका लागि विद्यार्थीहरूको अगुवाइमा सचेतना कार्यक्रम सञ्चालन गर्न<br>• वातावरण प्रदूषणका कारण र बच्ने उपायहरु पत्ता लगाउन<br>• शारदा नगपालिकाभित्र भएका | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनबारे सामान्य परिचय दिन<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चरणहरु (विपद् पूर्व, विपदको् समयमा र विपद् पश्चात) र यी चरणहरूमा गरिने कार्यहरूका बारेमा बताउन ।<br>• शारदा नगरपालिका भित्रका जोखिमयुक्त वडाहरूको पहिचान र न्यूनीकरण गर्ने उपायहरु<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा कार्य गर्ने स्थानीय सरोकारवारहरूको पहिचान तथा सम्पर्क नम्वरसहित सूचीकृत गर्न जस्तै नेपाल | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चक्रबारे जानकारी दिन<br>• स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रमुख प्रावधानहरु (कानुनी र संस्थागत)<br>• नेपालमा हुने मुख्यमूख्य महामारीहरूलाई सूचीकृत गर्ने र यसका कारण, असर तथा प्रभाव र रोकथामका उपायहरु जस्तै, झाडापखाला, डेगु, हैजा, कोभिड १९ बारे सचेत हुन र गराउन<br>• विपद्को समयमा सबैभन्दा जोखिममा परेका वर्गहरु जस्तै बालबालिका, महिला दलित तथा विपन्न वर्गहरूको | १२ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| | | प्रमुख प्रकोपहरूको जोखिम र यसबाट बच्ने उपायहरूबारे बताउन | रेडक्रस, अस्पताल, एम्बुलेन्स सेवा आदि । | पहिचान गर्न । | |
| ६ | कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि | • कामको आधारमा व्यवसायको परिचय, महत्व र किसिम बताउन<br>• स्थानीय स्तरमा सञ्चालित उद्योग वा व्यवसायमा संलग्न भई प्रत्यक्ष अनुभव तथा सिप जानकारी हासिल गर्न<br>• स्थानीय जडीबुटीको पहिचान गर्न र उपयोगिता बताउन<br>• प्लास्टिक टर्नेल बनाउने तरिका पहिचान गरी निर्माण गर्न र यसको महत्व बताउन<br>• स्थानीय स्तरमा गरिने तरकारी खेती, फलफूल खेती तथा पशुपंक्षी पालन ( तरिका, बीउ छनोट, रोग पहिचान गर्न र रोग तथा किराबाट संरक्षणको परम्परागत तरिका अवलम्बन र उत्पादन गर्न आलु खेती/ टमाटर खेती/केरा खेती/बङ्गुर पालन<br>• आधारभूत पेसाहरूको परिचय दिन र तिनको महत्व बताउन<br>• घर तथा विद्यालयमा प्रयोग | • मौसमी तथा बेमौसमी खेतीको परिचय दिन<br>• प्राङ्गारिक तथा रासायनिक मलको परिचय दिन र प्राङ्गारिक मलको उपयोगिता वर्णन गर्न<br>• प्लास्टिक पोखरी निर्माण गर्न तथा यसका फाइदा बताउन<br>• थोपा सिँचाइको परिचय दिन र यसको प्रयोग गर्न<br>• गंड्यौला खेतीको परिचय दिन र यसको महत्व बताउन<br>• तरकारी खेती, फलफूल खेती, अन्नबाली तथा पशुपंक्षी पालन (तरिका, बिउ छनोट, रोग पहिचान गर्न र रोग तथा किराबाट संरक्षणको परम्परागत तरिका अवलम्बन गर्न र उत्पादन गर्न (मकै/गहुँ खेती/कुखुरा/हाँसपालन/गाई भैसी पालन<br>• परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका पहिचान गर्न र प्रयोग गर्न<br>• आधुनिक प्रविधिको परिचय दिन र सुरक्षित प्रयोग गर्न (रेफ्रिजेरेटर, हिटर, आइप्याड)<br>• बहुवाली, वालीचक्र र घुम्ती वाली प्रणालीको बताउन<br>• परिवारसँगै खेतबारीमा बालीनालीको काम | • साना व्यवसाय सञ्चालन तथा व्यवस्थापन गर्ने तरिका बताउन<br>• फलफूल नर्सरीको परिचय दिन र महत्व बताउन स्थानीय र उन्नत जातका प्रमुख फलफूलको पहिचान गर्न र छनोट गरी उत्पादनमा सहभागी हुन<br>• घर तथा विद्यालयमा उत्पादन गरिने फलफूलखेतीमा सहयोग गर्न<br>• फल टिप्ने समय र तरिका तथा फलफूलको संरक्षण गर्ने तरिका बताउन<br>• फलफूलका भेजिटेटिभ प्रजननका तरिका बताउन र प्रयोग गर्न ( कटिङ, ग्राफ्टिङ, विडिङ)<br>• तरकारी खेती, फलफूल खेती, अन्नबाली खेती तथा पशुपन्छी पालन (तरिका, बीउ छनौट, रोग पहिचान गर्न र रोग तथा किराबाट संरक्षणको परम्परागत तरिका अवलम्बन गर्न र उत्पादन कार्यमा सहभागी हुन ( च्याउखेती/धानखेती/ माछापालन)<br>• स्थानीय व्यवसाय (डोको, सुपो, छिट्नी, डालो, मोगरा जस्ता वाँसका सामान ) बनाउने विधि र महत्व बताउन र निर्माण गर्न | ३२ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| | | गरिने आधुनिक प्रविधिको परिचय दिन र प्रयोग गर्न<br>● बहुवाली, वालीचक्र र घुम्ती वाली प्रणालीबारे बताउन<br>● परिवारसँगै खेतबारीमा बालीनालीको काम गर्न | गर्न र सामान्य प्रतिवेदन बनाउन | ● सिलाइ, कटाइ र बुनाइको परिचय दिन र विधि बताउन र बुनाइ गर्न<br>● आधुनिक प्रविधि र यसको प्रयोग, फाइदा र बेफाइदा बताउन र सुरक्षित तरिकाले प्रयोग गर्न ( मोवाइल वैंकीङ्ग, अनलाइन पे)<br>● बहुवाली, वालीचक्र र घुम्ती वाली प्रणालीका विशेषता बताउन<br>● परिवारसँगै खेतबारीमा बालीनालीको काम गरी प्रतिवेदन तयार गर्न | |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

### विषयवस्तुको क्षेत्र र क्रम कक्षा (१-३)

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | का.घ. |
|---|---|---|---|---|---|
| १ | हाम्रो शारदा नगरपालिका | ● आफनो नगरपालिकाको नाम,आफू बस्ने स्थानको नाम वडा नं., भौगोलिक स्वरूप, घर तथा विद्यालय वरपरको वस्तु तथा स्थान | ● आफ्नो गाउँटोलको परिचय आफू बस्ने स्थानका मुख्य टोल तथा वस्तीको पहिचान<br>● वडा भित्रका खोलानाला तालतलैया, चौताराहरू, वडा अध्यक्षको नाम | ● आफना पालिका भित्रका वडाहरूको संख्या पहिचान, मुख्य मुख्य सडकहरूको नाम अवस्थिति,<br>● आफ्नो वडाका जनप्रतिनिधिहरूको पहिचान | ३४ |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | ● स्थानीय वन जंगल र नदी ,खोलाको नाम<br>● पानीको घरायसी उपयोग<br>● स्थानीय चाडपर्व | ● वन,जंगल र पानीको महत्व<br>● वनजंगललाई आगलागीबाट जोगाउन गर्नुपर्ने उपाय<br>● स्थानीय मेला | ● वनका प्रकार र सामुदायिक वनको चिनारी<br>● पानीको स्रोतको परिचय<br>● स्थानीय मठमन्दिरको सामान्य परिचय | २५ |
| ३ | संस्कार, कला संस्कृति र | ● स्थानीय वन जंगल र नदी | ● वन,जंगल र पानीको महत्व | ● वनका प्रकार र सामुदायिक वनको | २५ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | का.घ. |
|---|---|---|---|---|---|
| | मानवीय मूल्य | ,खोलाको नाम<br>● पानीको घरायसी उपयोग<br>● स्थानीय चाडपर्व | ● वनजंगललाई आगलागीबाट जोगाउन गर्नुपर्ने उपाय<br>● स्थानीय मेला | चिनारी<br>● पानीको स्रोतको परिचय<br>● स्थानीय मठमन्दिरको सामान्य परिचय | |
| ४ | स्वास्थ्य र सरसफाइ | ● शरीरका अंगहरूको सरसफाइ<br>● व्यक्तिगत सरसफाइका सामग्री पहिचान<br>● सरसफाइ गर्नुपर्ने स्थान<br>● घर आँगनको सरसफाइ | ● शरीरको सफाइ<br>● शरीर सफाइका फाइदा<br>● दैनिक सरसफाइको सूची<br>● घर तथा विद्यालयको सरससफाइ | ● स्वस्थ शरीरका लागि आवश्यक तत्वहरू<br>● व्यक्तिगत सरसफाइका फाइदा र नगर्दाका वेफाइदा<br>● वरपरको वातावरण सफाइ<br>● योगाभ्यास | २५ |
| ५ | विपद् व्यवस्थापन | ● घर, टोल, बाटो, विद्यालय तथा वडा भित्र वरपर हुन सक्ने विपद र दुर्घटनाहरूको नाम<br>● उल्लिखित विपद र दुर्घटनाबाट बच्ने सामान्य अभिनय अभ्यास | ● घर, टोल, बाटो र विद्यालय वरपर भएका विपदको पहिचान<br>● स्थानीय स्तरमा हुन सक्ने विपद र दुर्घटनाहरु जस्तै सडक दुर्घटना, खोलानाला, पहिरो आगलागीप्रति सजगता | ● घर, टोल, बाटो, विद्यालय र वडामा भएका विपदको पहिचान र बच्ने उपायहरु<br>● स्थानीय स्तरमा हुन सक्ने विपद र दुर्घटनाहरूको सामान्य परिचय<br>● स्थानीय स्तरमा हुन सक्ने विपद र दुर्घटनाहरूबाट बच्ने उपायहरु पहिचान र अवलम्बन | १५ |
| ६ | कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि | ● घरमा गरिने तरकारी खेती, अन्नबाली नगदेबाली, फलफूल र जडिबुटीको नाम<br>● स्थानीय तथा रैथाने प्रविधिहरु (ढिकी जाँतो) को नाम<br>● आफ्नो वरपर रहेका घरेलु तथा साना उद्योगहरूको नाम<br>● घर तथा गाँउमा गरिने पशुपालन | ● आफ्नो समुदायमा गरिने तरकारी खेती, अन्नबाली नगदेबाली, फलफूल र जडिबुटीको महत्व पहिचान गर्न<br>● घर तथा स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक प्रविधिहरूका नाम<br>● स्थानीय स्तरमा रहेका उद्योग तथा कलकारखानाहरूका नाम<br>● स्थानीय वस्तुहरू (बाँस, माटो, पराल, खर, काठ) बाट निर्मित सामग्रीहरूका | ● आफ्नो वडा भित्र भएका पशुपालन, तरकारी खेती, नगदेवाली खेती, मसलाबाली खेती, फलफूल खेतीका नाम तथा उत्पादन भएका सामानहरू<br>● पेसाको वर्गीकरण<br>● स्थानीय स्तरका व्यावसायिक पेसाहरूको नाम<br>● स्थानीय र आधुनिक प्रविधिहरूका नाम | ३६ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | का.घ. |
|---|---|---|---|---|---|
| | | • स्थानीय तथा परम्परागत नापतौल<br>• आफ्ना अभिभावकको पेशा तथा व्यसायका नाम | नाम र काम<br>• खानेकुराको श्रोत (कृषिजन्य र पशुजन्य) का नाम<br>• आफ्नो स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसायका नाम<br>• गाउँटोलका मानिसहरूले गर्ने पेसा र व्यवसायको सामान्य परिचय<br>• किनमेल गर्ने स्थानको नाम र सामानहरूको विवरण | • स्थानीय उद्योगहरुको सामान्य परिचय<br>• विभिन्न पेशा व्यवसायमा प्रयोग हने औजारहरूको नाम र काम<br>• मौसम अनुसारको खेतिपातीको नाम<br>• रैथाने प्रविधिको प्रयोग अवलोकन | |

**विषयवस्तुको क्षेत्र र क्रम कक्षा (४-५)**

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ४ | कक्षा ५ | का.घ. |
|---|---|---|---|---|
| १ | हाम्रो शारदा नगरपालिका | • शारदा नगरपालिकाको परिचय<br>• आफ्नो वडाको परिचय<br>• भौगोलिक स्वरूप (साँध सिमाना)<br>• नगरपालिकाको कूल क्षेत्रफल,<br>• जिल्लाको नक्सामा आफ्नो पालिकाको पहिचान,<br>• विद्यालयमा योगदान पुऱ्याउने वडाभित्र कृयाशील सामाजिक संघ संस्थाहरू (रेडक्रस, बालक्लव, युवा क्लव)<br>• शारदा नगरपालिकाका वर्तमान प्रमुख उप-प्रमुखको नाम | • शारदा नगरपालिकाको ऐतिहासिक परिचय, क्षेत्रफल, सिमाना<br>• पालिकाको नामाकरण र बनावट<br>• भौगोलिक स्वरूप (सुगम, दुर्गम, नजिक, टाढा आदि),<br>• वडाको क्षेत्रफलको पहिचान<br>• पालिकाको जनसंख्या(महिला,पुरूष जम्मा)<br>• नगरपालिका भित्रका सामाजिक संघ संस्थाहररूको परिचय र योगदानको क्षेत्र(युवा क्लव,रेडक्रस,आमा समूह,वनउपभोक्ता समूह<br>• नगर प्रमुख,उप-प्रमुखको नाम र कार्य<br>• वडा कार्यालयबाट प्रवाहहुने सेवाहरू | २४ |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | • सामुदायिक वन र निजि वनको परिचय तथा सामान्य भिन्नता<br>• शारदा नदिको पानीको उपयोगीता | • वनजंगलको उपयोगीता<br>• पानीको मुहानको संरक्षण गर्ने तरिका | २० |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ४ | कक्षा ५ | का.घ. |
|---|---|---|---|---|
| | | ● वन जंगलको संरक्षण गर्ने तरिका<br>● स्थानीय मठमन्दिरको पहिचान | ● स्थानीय जडीबुटीको महत्व<br>● शारदा नदिका फाइदाहरू<br>● स्थानीय मठमन्दिरको धार्मिक महत्व | |
| ३ | संस्कार, कला संस्कृति र मानवीय मूल्य | ● विद्यारम्भ संस्कार<br>● जातजातिको वर्गीकरण<br>● स्थानीय समुदायले मान्ने धर्मको परिचय<br>● आदरार्थी शब्दको महत्व<br>● लाखे नाचको परिचय | ● चूडाकर्म संस्कार<br>● मठ मन्दिरको संरक्षणमा समाजको भूमिका<br>● आदरार्थी शब्दका किसिम<br>● वातावरणीयय सरसफाई | २० |
| ४ | स्वास्थ्य र सरसफाइ | ● व्यक्तिगत सरसफाइ<br>● व्यक्तिगत सरसफाइको महत्व<br>● वातावरणीयय सरसफाइका फाइदा र सरसफाइ नगर्दाका वेफाइदा<br>● स्वस्थ्य भोजनको पहिचान<br>● योगाभ्यास(सूर्य नमस्कार) | ● वातावरणीयय सरसफाइ<br>● वातावरणीयय सरसफाइ नगर्दाका असर<br>● स्वस्थ्य र अस्वस्थ भोजनको हिचान र सेवन<br>● विद्यालयमा खाने स्वस्यकर खाना/खाना पहिचान<br>● योगको महत्व र योगाभ्यास (कपाल भाती) | २० |
| ५ | विपद् व्यवस्थापन | ● प्रकोप र विपद्को सामान्य परिचय<br>● प्राकृतिक विपदहरू; जस्तै-बाढी, आगलागी, पहिरो, भुकम्प, चट्याङ्ग आदिका कारण र यसले पुऱ्याउने असर तथा यसबाट बच्ने उपायहरु | ● मानव निर्मित विपद्हरूको सामान्य जानकारी<br>● प्राकृतिक विपद् र मानव सिर्जित विपद्मा भिन्नता<br>● प्राकृतिक तथा मानव सिर्जित विपद्हरूको कारण र न्यूनकीरण गर्ने उपायहरु<br>● विपद व्यवस्थापनका उपायहरु | १२ |
| ६ | कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि | ● पेसाको वर्गीकरण (उत्पादन तथा सेवामूलक)<br>● स्थानीय स्तरमा निर्मित हस्तकलाका सामानहरू ( डोको, हलो, डालो आदि)<br>● स्थानीय स्तरमा सञ्चालित साना व्यवसाय तथा कृषिजन्य उत्पादन<br>● करेसाबारी र कौसी खेती<br>● स्थानीय स्तरमा पाइने फलफूलहरू | ● मध्यम र उच्चस्तरीय पेसा<br>● स्थानीय सिप र प्रविधिबाट विभिन्न घरेलु सामान निर्माण र प्रयोग (डोको, डालो, नाम्लो, दाम्लो, हलो, जुवा, कुटो, कोदालो)<br>● नगरपालिका भित्रका कृषि र नगदेवाली पकेटक्षेत्र<br>● व्यावसायिक कृषि<br>● स्थानीय स्तरमा गरिने केही प्रमुख फलफूल तथा | ३२ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ४ | कक्षा ५ | का.घ. |
|---|---|---|---|---|
| | | • माटोको उर्वरा शक्ति संरक्षणका उपाय<br>• बिउ छनोट (रैथाने र आधुनिक)<br>• ब्याड निर्माण र बिरुवाको हेरचाह<br>• प्राङ्गारिक मलको परिचय र प्रयोग<br>• कृषि कार्यसँग सम्बन्धित औजारहरु<br>• घरायसी आधुनिक प्रविधि | तरकारी खेतीहरू<br>• फलफूल तथा तरकारीमा लाग्ने रोग तथा किरा पहिचान र परम्परागत रोकथाम र संरक्षणका उपायहरु<br>• रासायनिक मल र यसको प्रयोगबाट हुने बेफाइदा<br>• प्राङ्गारिक मल बनाउने तरिका र यसका फाइदा<br>• परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध<br>• स्थानीय प्रविधि र कार्यसिद्धान्त (हलो, पानीघट्ट, कोल)<br>• घरायसी आधुनिक प्रविधिहरूको परिचय र प्रयोग<br>• मोबाइल, सिम कार्ड, रिचार्ज गर्ने तरिका<br>• पर्यावरणीय कृषि (बहुवाली, वालीचक्र, घुम्ती वाली, food forest, Family farming) | |

**विषयवस्तुको क्षेत्र र क्रम कक्षा (६-८)**

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| १ | हाम्रो शारदा नगरपालिका | • नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि<br>• शारदा नगरपालिकाको नामाकरण हुनुको कारण पहिचान<br>• कुल जनसंख्या(लिंग,जाती, धर्म)को आधारमा नगरपालिकाको नक्सा निर्माण<br>• नेपालको नक्सामा सल्यान जिल्लाको नक्सा पहिचान र निर्माण<br>• सल्यान जिल्लाका १० स्थानीय | • वडाको काम कर्तव्य र अधिकार<br>• पालिकाद्धारा जारी गरिएका ऐन कानूनको सामान्य जानकारी(लैंगिक, शिक्षा, न्याय, विपत व्यवस्थापन, बाल संरक्षण आदि)<br>• हावा पानी<br>• राजधानी देखिको दूरी<br>• भैगोलिक स्वरूप<br>• सम्पूर्ण वडा सहितको पालिकाको नक्सा निर्माण | • नगरपालिका द्धारा जारी गरिएका शिक्षा सम्वन्धि ऐन कानून र स्थानीय सरकार सञ्चालन ऐन २०७४ का मुख्य विशेषताहरू<br>• वि.व्य.स., शि.अ.स. र नगरपालिका अर्न्तगत गठित बिभिन्न विषयगत समितिहरू<br>• भौगोलिक स्वरूप,हावापानी, अक्षांश, देशान्तरीय अवस्थिती | २४ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| | | तहको नाम<br>● शारदा नगरपालिकाको प्रशासनिक संरचना र प्रवाह गर्ने सेवां.<br>● नगरपालिका तथा आफू बसेको वडाको सफा नक्सा<br>● भौगोलिक स्वरूप<br>● जिल्ला सदरमुकाम देखि प्रदेश सम्मको दूरी (वडा पालिका पालिका जिल्ला सदरमुकाम<br>● पूर्वाधार विकासमा पालिकाको भूमिका<br>● पालिकाको विकासको लागि पालिकाको भूमिका<br>● वडागत जनसंख्या,लैंगिक जनसंख्या प्रतिशतमा | ● स्थानीय र जिल्लाका शैक्षिक तथा प्रशासनिक संरचना र सेवा प्रवाह बारे सामान्य जानकारी (शिक्षा विकास समन्वय इकाइ, नगरपालिका, शिक्षा शाखा, मालपोत कार्यालय, जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय आदि)<br>● वडामा रहेका स्वास्थ्य संस्थाबाट प्रवाह हुने मुख्य सेवाहरू<br>● जनसंख्याको बनावट( लैंगिक,भाषिक,जाती,शैक्षिक,उमेरगत आदि) | ● नगरपालिकाको सम्पूर्ण वडाहरूको नक्सा निर्माण गरी नक्सामा मुख्य मुख्य स्थलहरूको संकेतन(पर्यटकीय, प्राकृतिक, धार्मिक, प्रशासनिक)<br>● पालिकाको जनसांख्यीकी अवस्था र साक्षरता अवस्था<br>● सामाजिक संघ संस्थाको परिचय र योगदान<br>● लायन्स कल्व, (लायन्स क्लव,जेशिस, युवा क्लव ......) | |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | ● स्थानीय वन, जंगल र नदी ,खोलाको महत्व<br>● स्थानीय गुफाको परिचय<br>● खानेपानी संस्थाको परिचय<br>● नदिजन्य पदार्थको परिचय तथा उपयोगिता<br>● पाटीपौवाको परिचय | ● स्थानीय वन,जंगल, नदि र पानीको मुहान संरक्षण<br>● स्थानीय गुफाको महत्व<br>● पानीका स्रोतहरू<br>● चून ढुंगाको उपयोगिता<br>● पाटीपौवाको महत्व | ● स्थानीय वन,जंगल, नदि र पानीको संरक्षण<br>● स्थानीय गुफाको संरक्षण<br>● खानेपानीका स्रोतहरू संरक्षण<br>● चून ढुंगा उत्खनन र महत्व | २० |
| ३ | संस्कार, कला संस्कृति र मानवीय मूल्य | ● विवाहको परिचय<br>● स्थानीय चाडपर्व र मेलाको संरक्षणमा नगरपालिकाको भूमिका<br>● अनुशासनको परिचय<br>● असल ब्यक्तिमा हुनुपर्ने गुणहरू | ● बैधानिक विवाहको परिचय<br>● स्थानीय चाडपर्व र मेलाको महत्व<br>● अनुशासनको महत्व<br>● स्थानीय बाजाको परिचय<br>● स्वस्थ जीवनका तीन कुरा | ● बैधानिक विवाहको महत्व<br>● स्थानीय मठमन्दिरको जगेर्ना गर्न समाजको भूमिका<br>● स्वस्थ आहार विहारका स्रोतहरू<br>● शान्ति खलबल्याउने केहि शब्द | २० |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| | | • शान्तिको परिचय | • समाजमा हाम्रो कर्तब्य | र ब्यवहार<br>• नागरिक कर्तब्यहरूको सूची | |
| ४ | स्वास्थ्य र सरसफाइ | • मानसिक स्वास्थ्य, स्वहेरचाह र तनाव व्यवस्थापन<br>• योगको<br>• शारीरीक व्यायाम र उपयूक्त समय<br>• स्थानीय खाना<br>• स्वास्थ्य स्वयंसेविका | • मानसिक स्वास्थ्य, स्वहेरचाह र तनाव व्यवस्थापनको महत्व<br>• योग र ध्यान<br>• योगाभ्यास<br>• स्थानीय खाना<br>• नगरपालिमा भित्रका सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरू | • स्वहेरचाह र तनाव व्यवस्थापन अभ्यास<br>• योगको इतिहास र नेपालमा अभ्यास<br>• स्थानीय खानाको महत्व र संरक्षण<br>• योगाभ्यास /शारीरीक कसरतमा नेतृत्व<br>• नगरपालिका भित्रका सरकारी तथा सामुदायिक स्वास्थय संस्थाहरूको योगदान | २० |
| ५ | विपद् व्यवस्थापन | • प्रकोप तथा विपद्हरु पहिचान गरी सामान्य जानकारी<br>• प्रकोप तथा विपद्को भिन्नता बताउन र प्रकोपलाई विपद्मा परिणत हुन नदिनका लागि अवलम्बन गरिने प्रयासहरु<br>• विपद् जोखिम न्यूनीकरणका लागि विद्यार्थीहरूको अगुवाइमा सचेतना कार्यक्रम<br>• वातावरण प्रदूषणका कारण र बच्ने उपायहरु<br>• शारदा नगपालिकाभित्र भएका प्रमुख प्रकोपहरूको जोखिम र यसबाट बच्ने उपायहरु | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनबारे सामान्य परिचय<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चरणहरु (विपद् पूर्व, विपदको् समयमा र विपद् पश्चात)<br>• शारदा नगरपालिका भित्रका जोखिमयुक्त वडाहरूको पहिचान र न्यूनीकरण<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चक्र<br>• स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रमुख प्रावधानहरु (कानुनी र संस्थागत)<br>• नेपालमा हुने मुख्यमूख्य महामारीहरूको सूची, कारण, असर तथा प्रभाव र रोकथामका उपायहरु<br>• विपद्को समयमा सबैभन्दा जोखिममा परेका वर्गहरूको पहिचान | २० |
| ६ | कृषि तथा | • कामको आधारमा व्यवसायको | • मौसमी तथा बेमौसमी खेतीको | • साना व्यवसाय सञ्चालन तथा | ३२ |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| | स्थानीय पेशा व्यवसाय र प्रविधि | परिचय, महत्व र किसिम<br>• स्थानीय स्तरमा सञ्चालित उद्योग वा व्यवसायमा संलग्न भई प्रत्यक्ष अनुभव तथा सिप जानकारी<br>• स्थानीय जडीबुटीको पहिचान र उपयोगिता<br>• प्लास्टिक टनेल बनाउने तरिका र महत्व<br>• स्थानीय स्तरमा गरिने तरकारी खेती, फलफूल खेती तथा पशुपंक्षी पालन (तरिका, बीउ छनोट, रोग पहिचान र रोग तथा किराबाट संरक्षणको परम्परागत तरिका<br>• आधारभूत पेसाहरूको परिचय र महत्व<br>• घर तथा विद्यालयमा प्रयोग गरिने आधुनिक प्रविधिको परिचय र प्रयोग<br>• बहुवाली, वालीचक्र र घुम्ती वाली प्रणाली<br>• परिवारसँगै खेतबारीमा बालीनालीको काम | परिचय<br>• प्राङ्गारिक तथा रासायनिक मलको परिचय र प्राङ्गारिक मलको उपयोगिता वर्णन<br>• प्लास्टिक पोखरी निर्माण तथा फाइदा<br>• थोपा सिँचाइको परिचय र प्रयोग<br>• गंड्यौला खेतीको परिचय र महत्व<br>• तरकारी खेती, फलफूल खेती, अन्नबाली तथा पशुपंक्षी पालन ( तरिका, बिउ छनोट, रोग पहिचान र रोग तथा किराबाट संरक्षणको परम्परागत तरिका<br>• परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका पहिचान र प्रयोग<br>• आधुनिक प्रविधिको परिचय र सुरक्षित प्रयोग<br>• बहुवाली, वालीचक्र र घुम्ती वाली प्रणाली<br>• परिवारसँगै खेतबारीमा बालीनालीको काम र सामान्य प्रतिवेदन | व्यवस्थापन गर्ने तरिका<br>• फलफूल नर्सरीको परिचय र महत्व<br>• स्थानीय र उन्नत जातका प्रमुख फलफूलको पहिचान र छनोट<br>• घर तथा विद्यालयमा उत्पादन गरिने फलफूलखेतीमा सहयोग<br>• फल टिप्ने समय र तरिका तथा फलफूलको संरक्षण गर्ने तरिका<br>• फलफूलका भेजिटेटिभ प्रजननका तरिका र प्रयोग<br>• तरकारी खेती, फलफूल खेती, अन्नबाली खेती तथा पशुपन्छी पालन (तरिका, बीउ छनौट, रोग पहिचान र रोग तथा किराबाट संरक्षणको परम्परागत तरिका<br>• स्थानीय व्यवसाय (डोको, नाम्लो, गुन्द्री, छिट्नी, ढकिया) बनाउने विधि, महत्व र निर्माण गर्न<br>• सिलाइ, कटाइ र बुनाइको परिचय, विधि र बुनाइ<br>• आधुनिक प्रविधि र यसको प्रयोग, फाइदा, बेफाइदा र सुरक्षित तरिकाले प्रयोग<br>• बहुवाली, वालीचक्र र घुम्ती | |

| क्र.स. | एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|
| | | | | वाली प्रणालीका विशेषता<br>● परिवारसँगै खेतबारीमा बालीनालीको काम र प्रतिवेदन | |

## ५. विषयवस्तुको विस्तृतीकरण

### कक्षा १

| क्र. स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का .घ. |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो शारदा नगरपालिका | ● आफू बसोबास गरेको गाउँ, टोलको नाम बताउन<br>● आफूबसोबास गरेको नगरपालिकाको नाम र वडा नम्वर बताउन | ● आफ्नो गाउँ/ठाउको नाम<br>● आफू बसोबास गरेको गाउँ टोलको नाम<br>● आफू बसेको नगरपालिकाको नाम र वडा नम्वर | ● सञ्चार सीप<br>● प्रश्नोत्तर सीप<br>● सिकाइ सीप | ● प्रत्यक विद्यार्थीलाई पालैपालो आफ्नो टोल वा गाउँको नाम भन्न लगाउने<br>● कक्षा कोठाका विभिन्न स्थानमा समूह बनाइ बस्न लगाउने र उक्त समूहहरूलाई विभिन्न गाउँटोलको नाम राखी नमूना प्रस्तुत गर्ने<br>● शिक्षकले विद्यार्थी बसोबास गरेको नगरपालिकाको नाम र वडा नम्वर बताइदिने | ● विद्यार्थीलाई तिमी कुन गाउँमा बस्छौ ? भनी सोध्ने र हरेक विद्यार्थीलाई आफ्नो गाउँटोल र नगरपालिकाको नाम भन्न लगाएर<br>● वडा नम्वर भन्न लगाएर | १० |
| | | ● नगरपालिकाको भौगोलिक स्वरूप पहिचान गर्न | ● आफू बसोबास गरेको भौगोलिक स्वरूप | ● अवलोकन सिप<br>● सञ्चार सिप | ● विद्यार्थी बसोबास गरेको वरपरको स्थान कस्तो छ ? (समथर, चिरो, डाँडा, खोल्सा, भिरालो) भन्न लगाउने<br>● विद्यार्थीहरूलाई कक्षा कोठाबाट बाहिर लगेर विद्यालय वरपर भएको जमिन देखाइ भौगोलिक स्वरूपको बारेमा जानकारी गराउने | ● विद्यार्थीलाई आफू बसोबास गरेको क्षेत्रको भौगोलिक स्वरूप बताउन लगाएर | १२ |
| | | ● आफ्नो घर | ● घर तथा विद्यालय | ● अवलोकन | ● विद्यार्थीलाई तिनीहरूको घरको वरपर | ● विद्यार्थीलाई उनीहरूको | १२ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | तथा विद्यालयको वरपरको वस्तु तथा स्थानको ( बाटोघाटो, बजार, पुल) पहिचान गर्न | वरपरको वस्ति तथा स्थान<br>● आफ्नो घर विद्यालय वरपरको वस्तु तथा स्थान जस्तै बाटोघाटो, बजार, पुल, खोलानाला आदि | सिप<br>● छलफल सिप<br>● सिकाइ सिप<br>● सञ्चार सिप | भएका स्थान तथा वस्तुहरू ( जस्तै बाटोघाटो, बजार, पुल, खोलानाला आदि ) भन्न लगाउने<br>● विद्यालय वरपरका वस्तु तथा स्थानको स्थलगत भ्रमण गराउने र तिनीहरूको नाम बताउन लगाउने | घरको तथा विद्यालयको तल माथि तथा दायाँ बाँया भएका वस्तु तथा स्थानको नाम सोधेर | |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | ● आफ्नो बसोबास भएको क्षेत्र वरिपरिको स्थानीय वन जंगल र नदी, खोलाको नाम बताउन | ● आफ्नो बसोबास भएको क्षेत्र वरिपरिको स्थानीय वन जंगलको नाम<br>● आफू बसोबास गर्ने क्षेत्र नजिकको स्थानीय नदी , खोलाको नाम | ● सिकाइ सिप,<br>● निर्णय तथा समस्या समाधान सिप,<br>● सञ्चार सिप,<br>● अवलोकन सिप | ● विद्यार्थीहरूलाई पालैपालो आफ्नो बसोबास भएको क्षेत्र वरिपरिको स्थानीय वन जंगलको नाम भन्न लगाउने ।<br>● शिक्षकले विद्यार्थीहरू बसोबास गर्ने क्षेत्र वरिपरिको स्थानीय वन जंगलको नाम बताइदिने ।<br>● यदि आफ्नो बसोबास भएको क्षेत्र वरिपरिको स्थानीय वन जंगलको नाम भन्न नसकेमा सम्बन्धित विद्यार्थीका अभिभावकलाई सोध्न लगाएर भोलिपल्ट कक्षा कोठामा भन्न लगाउने ।<br>● विद्यार्थीहरूलाई पालैपालो आफू बसोबास गर्ने क्षेत्र वरिपरिको स्थानीय नदी, खोलाको नाम भन्न लगाउने<br>● शिक्षकले विद्यार्थी बसोबास गर्ने क्षेत्र वरिपरिको स्थानीय नदी, खोलाको नाम मेटाकार्डमा लेखेर देखाउने । | ● आफु बस्ने स्थान वरिपरिको स्थानीय वन जंगलको नाम के हो भनेर विद्यार्थीहरूलाई पालैपालो प्रश्न गरेर ।<br>● आफु बस्ने स्थान वरिपरिको स्थानीय नदी, खोलाको नाम के हो भनेर विद्यार्थीहरूलाई पालैपालो प्रश्न गरेर । | १० |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का .घ. |
|---|---|---|---|---|---|---|---|
| | | | | | • यदि आफू बसोबास गर्ने क्षेत्र वरिपरिको स्थानीय नदी, खोलाको नाम भन्न नसकेमा सम्बन्धित विद्यार्थीका अभिभावक वा छिमेकीलाई सोध्न लगाएर भोलिपल्ट कक्षा कोठामा भन्न लगाउने । | | |
| | | • पानीको घरायसी प्रयोग गर्न | • पानीको घरायसी प्रयोग | • सिकाइ सिप,<br>• सञ्चार सिप,<br>• अवलोकन सिप | • विद्यार्थीहरूलाई पालैपालो पानीको घरायसी प्रयोग कहाँ कहाँ गरिन्छ भनेर प्रश्न गर्ने ।<br>• शिक्षकले विद्यार्थीबाट आएको उत्तर पाटीमा टिप्दै जाने ।<br>• यदि उपयुक्त जवाफ नआएमा विद्यार्थीलाई प्रति प्रश्न गरेर जवाफ खोज्ने ।<br>• शिक्षकले पाटीमा लेखेर पानीको घरायसी प्रयोग बारे बताइदिने । | • विद्यार्थीलाई घरमा पानीको प्रयोग कुन कुन काममा गरिन्छ ? भनी एक एक गरेर सोध्ने र जवाफ माग्ने ।<br>• अपेक्षित जवाफ नआएमा बताइदिने । | ७ |
| | | • स्थानीय चाडपर्वको नाम बताउन | • स्थानीय चाडपर्वको नाम | • सिकाइ सिप,<br>• सञ्चार सिप,<br>• अवलोकन सिप<br>• दृश्य साक्षरता सिप | • आफ्नो समुदायमा मनाइने विभिन्न स्थानीय चाडपर्व (माघी पर्व, बयालडाँडी, साउने संक्रान्ति आदि) को नाम भन्न लगाई सो अवसरमा खाइने विभिन्न परिकारहरूको नाम उल्लेख गर्न लगाउने ।<br>• विद्यार्थीहरूलाई स्थानीय रूपमा मनाइने चाड पर्वको नाम, मनाउने तरिका र परिकारको बारेमा एकआपसमा छलफल गर्न लगाउने<br>• शिक्षकले पाटीमा लेखेर स्थानीय रूपमा मनाइने चाडपर्वको नाम, | • आफ्नो समुदायमा मनाइने विभिन्न स्थानीय चाडपर्वको नामको सूची तयार पार्न लगाएर<br>• आफ्नो समुदायमा मनाइने विभिन्न स्थानीय चाडपर्वमा खाइने परिकारहरूको नाम र मनाउने तरिका बताउन लगाएर | ८ |

| क्र. स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का .घ. |
|---|---|---|---|---|---|---|---|
| | | | | | मनाउने तरिका र परिकारको बारेमा सामान्य कुरा बताउने | | |
| | | ● शारदा नगरपालिका भित्रका जोखिमयुक्त वडाहरूको पहिचान र न्यूनीकरण गर्ने उपायहरु | ● नगर पालिकाभित्रका जोखिमयुक्त वडाहरूको पहिचान र जोखिम न्यूनीकरण गर्ने उपायहरु | ● सञ्चार सिप<br>● दृश्य साक्षरता सिप<br>● अवलोकन सिप<br>● समस्या समाधान सिप | ● जोखिमयुक्त वडाहरूमा भएको प्रकोपको स्तर पत्ता लगाउने र न्यूनिकरण गर्ने उपायहरूबारे छलफल गर्ने | ● नगरपालिका भित्र कुन वडाहरु जोखिमयूक्त छन् भनेर सोध्ने र न्यूनिकरण गर्ने उपायहरु लेख्न लगाउने । | ३ |
| | | ● विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा कार्य गर्ने स्थानीय सरोकारवारहरूको पहिचान तथा सम्पर्क नम्वरसहित सूचीकृत गर्न | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | ● सञ्चार सिप<br>● दृश्य साक्षरता सिप<br>● अवलोकन सिप<br>● समस्या समाधान सिप | ● विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तथा आपतकालीन अवस्थामा काम गर्ने संस्थाहरूको पहिचान गर्ने सूची बनाउने<br>● उनीहरूको कार्यक्षेत्र र फोन नं सङ्कलन गर्ने<br>● आपतकालीन अवस्थामा फोन गर्दा सम्बन्धित सेवा पाइन्छ भनी जानकारी गराउने, | ● आपतकालीन अवस्थामा काम गर्ने संस्थाहरूको नाम भन्न लगाएर । | ३ |
| ६ | कृषि तथा स्थानीय | ● मौसमी तथा बेमौसमी खेतीको परिचय | **मौसमी तथा बेमौसमी खेती**<br>● मौसमी खेती | ● सञ्चार सिप<br>● सक्रियता पूर्वक सुन्ने | ● मौसमी खेतीको परिचय बताउने<br>● बेमौसमी खेतीको परिचय बताई यसको महत्वको बारेमा छलफल गराई थप | ● मौसमी खेतीको परिचय सोधेर<br>● बेमौसमी खेतीको परिचय | ३ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | पेशा व्यवसाय र प्रविधि | दिन | • मौसमी खेती र यसको महत्व | सिप | स्पष्ट पार्ने । | भन्न लगाएर<br>• बेमौसमी खेतीको महत्व बताउन लगाएर | |
| | | • प्राङ्गारिक तथा रासायनिक मलको परिचय दिन र प्राङ्गारिक मलको उपयोगिता वर्णन गर्न | **प्राङ्गारिक तथा रासायनिक मल**<br>• प्राङ्गारिक मल र उपयोगिता<br>• रासायनिक मल र यसको प्रयोग<br>• रासायनिक मलको प्रयोगबाट हुने असरहरु | • सञ्चार सिप<br>• प्रयोग सिप<br>• सिकाइ सिप | • प्राङ्गारिक मलको परिचय बताउने<br>• रासायनिक मलको परिचय बताउने<br>• प्राङ्गारिक र रासायनिक मलको बारेमा छलफल गराई वर्गीकरण गर्न लगाउने<br>• प्राङ्गारिक र रासायनिक मलका फाइदा तथा बेफाइदाको बारेमा छलफल गराउने | • प्राङ्गारिक मलको परिचय सोधेर<br>• रासायनिक मलको परिचय सोधेर<br>• प्राङ्गारिक मल प्रयोगबाट हुने फाइदाहरु बताउन लगाएर<br>• रासायनिक मलको प्रयोगबाट हुने फाइदा तथा बेफाइदा भन्न लगाएर | २ |
| | | • प्लास्टिक पोखरी निर्माण गर्न तथा यसका फाइदा बताउन<br>• थोपा सिँचाइको परिचय दिन र यसको प्रयोग गर्न | **प्लास्टिक पोखरी र थोपा सिंचाई**<br>• प्लास्टिक पोखरीको परिचय र फाइदा<br>• थोपा सिंचाईको परिचय र प्रयोग | • सञ्चार सिप<br>• प्रयोग सिप<br>• दृश्य साक्षरता सिप | • प्लास्टिक पोखरीको परिचय बताउने<br>• प्लास्टिक पोखरीको अवलोकन गराउने<br>• चित्र तथा भिडियोमार्फत प्लास्टिक पोखरीको प्रदर्शन गराउने<br>• थोपा सिँचाइको परिचय बताउने<br>• थोपा सिंचाइ भएको क्षेत्रको अवलोकन गराउने<br>• भिडियो मार्फत जानकारी गराउने | • प्लास्टिक पोखरीको परिचय सोधेर<br>• प्लास्टिक पोखरीको महत्व बताउन लगाएर<br>• थोपा सिंचाईको परिचय तथा महत्त्व बताउन लगाएर | ६ |
| | | • गंड्यौला खेतीको परिचय दिन र यसको | **गँड्यौला खेती**<br>• परिचय<br>• महत्व | • दृश्य साक्षरता सिप | • गँड्यौलाको परिचय बताउने<br>• गँड्यौलाको अवलोकन गराउने<br>• गँड्यौला खेती गर्ने तरिका बताइदिने | • गँड्यौला खेतीको परिचय सोधेर<br>• गँड्यौलाको महत्त्व | ४ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | महत्व बताउन | • गड्यौला खेती गर्ने तरिका | • प्रयोग सिप<br>• सहकार्य सिप | • चित्र तथा भिडियो देखाएर गड्यौला खेतीको बारेमा थप जानकारी गराउने<br>• गड्यौला खेती गर्न लगाउन | बताउन लगाएर | |
| | | • तरकारी खेती, फलफूल खेती, अन्नबाली तथा पशुपंक्षी पालन (तरिका, बिउ छनोट, रोग पहिचान गर्न र रोग तथा किराबाट संरक्षणको परम्परागत तरिका अवलम्बन गर्न र उत्पादन गर्न (मकै/गहुँ खेती/कुखुरा/हाँसपालन/गाई भैसी पालन | • .स्थानीय स्तरमा गरिने तरकारीखेती, फलफूल खेती र पशु पंक्षीपालन<br>• मकैखती<br>• गहुँ खेती<br>• कुखरा/हाँसपालन<br>• गाई/भैंसीपालन | • सञ्चार सिप<br>• प्रयोग सिप<br>• सिकाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप | • मकै खेती गर्ने तरिका, बिउ छनोट र रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई स्पष्ट पार्ने<br>• गहुँखेती गर्ने तरिका, बिउ छनोट र रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई भन्न लगाउने तथा स्पष्ट पार्ने<br>• कुखुरा तथा हाँस पालन गर्ने तरिका, प्रजाति छनोट र रोगको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई स्पष्ट पार्ने<br>• गाई/भैंसीपालन गर्ने तरिका, प्रजाति छनौट, रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई समूहगत रूपमा भन्नलगाउने र थप स्पष्ट पार्ने | • मकैको विभिन्न बिउहरूको नाम भन्न लगाएर<br>• मकै खेती गर्ने विधि बताउन लगाएर<br>• मकैमा लाग्ने रोग तथा किराहरूको नाम भन्न लगाएर<br>• मकैमा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने उपायहरु भन्न लगाएर<br>• गहुँको प्रजाति भन्न लगाएर<br>• गहुँखेती गर्ने विधिबताउन लगाएर<br>• गहुँमा लाग्ने रोग तथा किराहरूको नाम भन्न लगाएर<br>• गहुँमा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने उपायहरु भन्न लगाएर<br>• कुखुरा/हाँसका विभिन्न प्रजातिहरूको नाम भन्न लगाएर | ५ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | • कुखुरा/हाँस पालन गर्ने विधि बताउन लगाएर<br>• कुखुरा/हाँसमा लाग्ने रोग तथा किराहरूको नाम भन्न लगाएर<br>• कुखुरा/हाँसमा लाग्ने रोगबाट संरक्षण गर्ने उपायहरु भन्न लगाएर<br>• गाई/भैसीका विभिन्न प्रजातिहरूको नाम भन्न लगाएर<br>• गाई/भैसीपालन गर्ने विधि बताउन लगाएर<br>• गाई/भैसीमा लाग्ने रोग तथा किराहरूको नाम भन्न लगाएर<br>• गाई/भैसीमा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने उपायहरु भन्न लगाएर | |
| | | • परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका पहिचान गर्न र प्रयोग गर्न | **परम्परागत बिउ संरक्षण र यसको प्रयोग**<br>• खरानी लगाएर्<br>• बन्द भाँडोमा राखेर | • प्रयोग सिप<br>• व्यवहारकुशल सिप<br>• सक्रियपूर्वक सुन्ने सिप | • परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका बताउने<br>• परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका अभ्यास गराउने | • परम्परागत रूपमा बिउ छनोट गर्ने तरिका भन्न लगाएर | ४ |
| | | • आधुनिक | **आधुनिक प्रविधि र यसको प्रयोग** | • प्राविधिक | • - रेफ्रिजेरेटरको परिचय र प्रयोगबारे | • रेफ्रिजेरेटरको परिचय | ३ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याड्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | प्रविधिको परिचय दिन र सुरक्षित प्रयोग गर्न (रेफ्रिजेरेटर, हिटर, आइप्याड) | ● रेफ्रिजेरेटर<br>● हिटर<br>● आइप्याड | सिप<br>● प्रयोग सिप<br>● सिकाइ सिप | बताउने<br>● हिटरको परिचय र प्रयोगबारे बताउने<br>● आइप्याडको परिचय र प्रयोगबारे बताउने<br>● चित्र तथा भिडियो मार्फत थप जानकारी गराउँदै छलफल गराउने | सोधेर<br>● रेफ्रिजेरटरको प्रयोग बताउन लगाएर<br>● हिटरको परिचय र प्रयोग बताउन लगाएर<br>● आइप्याडको परिचय र प्रयोग बताउन लगाएर | |
| | | ● बहुवाली, वालीचक्र र घुम्ती वाली प्रणालीको बताउन<br>● परिवारसँगै खेतबारीमा बालीनालीको काम गर्न र सामान्य प्रतिवेदन बनाउन | **बहुवाली, वालीचक्र र घुम्ती वाली**<br>● बहुवाली<br>● वालीचक्र<br>● घुम्ती वाली<br>● | ● प्राविधिक सिप<br>● प्रयोग सिप | ● बहुबाली चक्रको बारेमा बताउने<br>● घुम्तीवालीको बारेमा बताउने<br>● बालीचक्रको बारेमा बताउने<br>● परिवारसँगै खेतबारीमा बालीनालीको काम गर्न लगाउने र सामान्य प्रतिवेदन बनाउन लगाउने | ● बहुबाली चक्रका फाइदा तथा बेफाइदाको बारेमा बताउन लगाएर<br>● घुम्तीवालीका फाइदा तथा बेफाइदाको बारेमा बताउन लगाएर<br>● बालीचक्रका फाइदा तथा बेफाइदाको बारेमा बताउन लगाएर<br>● बहुवाली, वालीचक्र र घुम्ती वालीका विशेषता बताउन लगाएर<br>● परिवारसँगै खेतबारीमा बालीनालीको काम गर्न लगाएर अनि गरेको कामको सामान्य प्रतिवेदन बनाउन लगाएर | ५ |

कक्षा ८

| क्र. स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो शारदा नगरपालिका | • शारदा नगरपालिकाद्धारा जारी गरिएका शिक्षा ऐन तथा मुख्य कार्यविधिहरूको सामान्य जानकारी दिन<br>• स्थानीय सरकार सञ्चालन ऐनका मुख्य विशेषताहरू बताउन | **शिक्षा ऐन तथा मुख्य कार्यविधि नगरबाट जारी गरिएका शिक्षा ऐन तथा मुख्य कार्यविधि**<br>• स्थानीय सरकार सञ्चालन ऐनका मुख्य विशेषताहरू | • व्यबहार कुशल सिप<br>• सञ्चार सिप<br>• खोज सिप | • शिक्षा ऐनको अध्ययन गरी मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउने<br>• शिक्षाको सवलीकरण तथा सुदृढिकरणको लागि शिक्षा ऐनले मूल मार्गदर्शनको रूपमा काम गर्छ भन्नेकुरा प्रस्ट पार्न र शिक्षा ऐनमा रहेका मुख्य मुख्य प्रावधानहरूको बारेमा सामान्य जानकारी दिने<br>• स्थानीय सरकार सञ्चालन ऐनका मुख्य विशेषता र ऐनमा समेटिएका शिक्षा सम्वन्धि विषयहरू जानकारी गराउने | • नगरको शिक्षा ऐन तथा कार्यविधिका मूख्य मुख्य कुराहरू भन्न लगाएर<br>• स्थानीय सरकार संचालन ऐनमा समेटिएका शिक्षा सम्वन्धि बुँदाहरू लेख्न लगाएर<br>• | ४ |
| | | • विद्यालयमा गठन भएका वा हुने विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा नगरपालिकाका गठन भएका विभिन्न विषयगत समिति (न्यायिक समिति सहित)हरूको | **विद्यालयमा गठन भएका वा हुने विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा नगरपालिकाकम गठित विभिन्न विषयगत समितिहरू**<br>• न्यायिक समिति<br>• सामजिक विकास समिति<br>• आर्थिक समिति<br>• सुशासन समिति | • जिम्मेवारी तथा प्रतिवद्धता सिप | • विद्यालयमा गठन भएका वा हुने विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारी र उनीहरूको काम कर्तव्य र अधिकार बताउने<br>• नगरपालिकामा गठित विभिन्न विषयगत समितिहरूको नाम र सामान्य गठन प्रक्रिया एवम् तिनीहरूबाट सम्पादन गरिने मुख्य कार्यहरू बताउनको लागि नगरपालिकाको अध्ययन र सोधपुछ गर्न लगाउने तथा मुख्य मुख्य समितिहरू नमूनाको रूपमा कक्षामा | • विद्यालयमा गठन भएका वा हुने विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा नगरपालिकामा गठित विषयगत समितिका नाम र सामान्य कार्य भन्न लगाएर | ५ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | जानकारी दिन र मुख्य कार्यहरू बताउन | • विधान समिति<br>• शिक्षा समिति<br>• विद्यालय व्यवस्थापन समिति<br>• शिक्षक अभिभावक संघ | | निर्माण गर्ने र प्रस्ट्याउने<br>• नगरपालिकामा गठित विभिन्न विषयगत समितिहरूको सामान्य परिचय र सम्पादन गरिने मुख्य कार्यहरूको अवधारणा अभिवृद्धि गराउनको लागि कक्षा कोठामा विद्यार्थीहरूलाई विभिन्न नमूना समितिहरूमा विभाजन गरी अध्यापन गर्ने | | |
| | | • पालिकाको भौगोलिक स्वरूप (अक्षांश तथा देशान्तरीय अवस्थिति, हावापानी) व्याख्या गर्न | **पालिकाको भौगोलिक स्वरूप**<br>• अक्षांश र देशान्तरीय अवस्थिती | • सहभागीतामूलक सिप<br>• सञ्चार सिप | • उपलब्ध सन्दर्भ सामग्रीको सहायतामा विद्यार्थीहरूलाई नगरपालिकाको अक्षांश र देशान्तरीय अवस्थिती बताउन लगाउने<br>• विद्यार्थीहरूलाई शारदा नगरपालिकाको अक्षांश देशान्तर लेख्न लगाउने | • शारदा नगरपालिकाको अक्षांश र देशान्तरीय अवस्थिति, हावापानी आदिका बारेमा सोधेर | ३ |
| | | • पलिकाको जनसांख्यिकीको अवस्था र साक्षरता( महिला,पुरूष ,बालबालिका तथा युवा) पहिचान गर्न | **पालिकाको जनसांख्यिकी र साक्षरताको अवस्था** | • व्यबहार कुसल सिप | • राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकाको जनसाख्यिकीको अवस्था र साक्षरताको अवस्था( महिला,पुरूष,बालबालिका तथा युवा)अध्ययन गरी टिपोट गर्न लगाउने<br>• टिपोट गरेका विषयमा साथी संग एक आपसमा रूजु गर्न लगाउने र कक्षा कोठामा प्रस्तुत गर्न लगाउने | • पालिकाको जनसांख्यिकी र साक्षरताको अवस्था ( महिला, पुरूष, बालबालिका तथा युवा) तथ्यांकीय रूपमा भन्न लगाएर | ३ |
| | | • सामाजिक संघ संस्था -जेसिज, लायन्स क्लव र लियो क्लवको परिचय दिन र | **सामजिक संघ संस्था**<br>• जेसिज लायन्स क्लव र लियो क्लवको परिचय र योगदान<br>• इको क्लव | • सञ्चार सिप<br>• सूचना तथा साक्षरता सिप<br>• छलफल | • जेसिस लायन्स क्लव र लिया क्लवको परिचय र योगदान बुँदागत रूपमा उल्लेख गरी भन्न लगाउने त्यसका लागि स्रोत सामग्रको प्रयोग गर्न तथा क्षेत्रगत भ्रमण गरी जानकारी गर्न | • जेसिस लायन्स क्लव र लियो क्लवको परिचय र मुख्य कार्य भन्न वा लेख्न लगाएर<br>• इको क्लवका कार्य | ५ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | योगदानको चर्चा गर्न<br>● इ को क्लव गठन गर्न र काम कर्तव्य तथा अधिकार प्रति परिचित रही कार्य गन | ● इको क्लवको काम कर्तव्य तथा अधिकार | सिप<br>● सूचना साक्षरता सिप | लगाउने<br>● इको क्लवको काम कर्तव्य तथा अधिकारहरू खोजी गर्ने तथा तालिकिकरण गर्ने काममा विद्यार्थीलाई लगाउने<br>● विद्यार्थीहरूलाई इको क्लवको परिचय बताइदिने र अन्य क्लवहरू झैं इको क्लवका पनि आफ्नै काम कर्तव्य र अधिकार हुनेकुरा प्रस्ट्याउने | सोधेर | |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | ● स्थानीय वन,जंगल, नदि र पानीको संरक्षणमा स्थानीयको भूमिका उल्लेख गर्न | ● स्थानीय वन,जंगल, नदि र पानीको संरक्षणमा स्थानीयको भूमिकाः | ● प्रयोग सिप,<br>● सहकार्य सिप,<br>● दृश्य साक्षरता सिप<br>● सञ्चार सिप, | ● कक्षाकोठामा विद्यार्थीहरूको ३ ओटा समूह बनाएर स्थानीय वनजंगल, नदि र पानीको संरक्षणमा स्थानीय ब्यक्तिले के कस्तो भूमिका खेल्नु पर्ला भन्ने कुरा समूहगत रूपमा वनजंगल, नदी र पानीको संरक्षणबारे अलग अलग समूहलाई लेख्न लगाउने ।<br>● उल्लेखित भूमिकालाई कक्षाकोठाको अगाडि आएर प्रस्तुत गर्न लगाउने ।<br>● विद्यार्थीहरूले प्रस्तुतिकरणमा छुटाएका भूमिकाहरूलाई शिक्षकले थप गरेर स्पष्ट पारिदिने । (सम्बन्धित नीतिनियमको पालना गरेर, अतिक्रमणबाट जोगाएर, चेतना जगाएर, हेरचाह गरेर आदि कुराहरूलाई जोडने ) | ● स्थानीय वन,जंगल, नदि र पानीको संरक्षणमा स्थानीयको भूमिका मौखिक तथा लिखित रूपमा उल्लेख गर्न लगाएर । | ५ |
| | | ● स्थानीय गुफाको संरक्षणमा स्थानीयको | ● स्थानीय गुफाको संरक्षणमा स्थानीयको भूमिकाः | ● प्रयोग सिप ,<br>● सहकार्य | ● विद्यार्थीहरूलाई स्थानीय गुफाको संरक्षणमा स्थानीयको भूमिका एक एक वाक्यमा लेख्न लगाउने र समूह | ● स्थानीय गुफाको संरक्षणमा स्थानीयको भूमिकाको सूचीहरू | ५ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | भूमिका बताउन | | सिप,<br>● दृश्य साक्षरता सिप<br>● सञ्चार सिप | बनाएर पुन विद्यार्थीहरूले लेखेका ती भूमिकाहरूलाई एकिकृत गरी लेख्न लगाएर हरेक समूह प्रमुखबाट प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय गुफाको संरक्षणमा स्थानीयको भूमिकालाई सविस्तार शिक्षकले विद्यार्थीहरू सामू पाटीमा लेखेर स्पष्ट पारिदिने । ( गुफा वरिपरि तारबार गर्ने, कार्ययोजना बनाउने, संरक्षण समिति बनाउने , विजुलीबत्तिको ब्यवस्था गर्ने, सुरक्षा ब्यवस्था गर्ने आदि कुरा जोड्ने ) | लिखित रूपमा तयार गरी बताउन लगाएर | |
| | | ● खानेपानीका स्रोतहरू संरक्षणमा बिद्यार्थीको भूमिका ब्यक्त गर्न | ● खानेपानीका स्रोतहरू संरक्षणमा बिद्यार्थीको भूमिका : | ● प्रयोग सिप ,<br>● सहकार्य सिप,<br>● दृश्य साक्षरता सिप<br>● सञ्चार सिप | ● विद्यार्थीहरू बस्ने समुदायमा के कस्ता खानेपानीका स्रोतहरू रहेका छन् भनेर कक्षा प्रारम्भ गर्ने ।<br>● खानेपानीका स्रोतहरू संरक्षणमा बिद्यार्थीको भूमिका के के हुन सक्छन् भनी एक एक गरेर विद्यार्थीहरूलाई अभ्यास पुस्तिकामा उल्लेख गर्न लगाई प्रस्तुत गर्न लगाउने<br>● खानेपानीका स्रोतहरू संरक्षणमा बिद्यार्थीहरूले लेखेका कुराहरूलाई एकआपसमा छलफल गर्न लगाउने<br>● अन्तमा शिक्षकले खानेपानीका स्रोतहरू संरक्षणमा बिद्यार्थीले निभाउन सक्ने संभावित भूमिकाहरूलाई कक्षाकोठाको पाटीमा लेखेर छलफल गराउने । (जनचेतना फैलाउने, | ● खानेपानीका स्रोतहरू संरक्षणमा बिद्यार्थीको भूमिकाहरू लिखित तथा मौखिक रूपमा ब्यक्त गर्न लगाएर | ५ |

| क्र. स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का .घ. |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रचलित नीतिनियम लागू गराउने, सडकनाटक देखाउने, खानेपानीका स्रोतहरू संरक्षण समिति निर्माण गर्न प्रेरित गर्ने आदि कुरा जोड्ने ) | | |
| | | • स्थानीय समुदायका लागि चून ढुंगा आर्थिक मेरूदण्डको रूपमा हो भन्ने कुरा बताउन । | **स्थानीय समुदायका लागि चून ढुंगा आर्थिक मेरूदण्ड :**<br>• भौतिक निर्माण,<br>• उद्योगमा प्रयोग,<br>• कृषि प्रयोजन,<br>• रोजगारीको माध्यम | • प्रयोग सिप ,<br>• सहकार्य सिप,<br>• दृश्य साक्षरता सिप<br>• सञ्चार सिप | • शिक्षकले संभव भएमा पावर प्वाइन्ट प्रेजेन्टेशनका लागि स्लाइड तयार गरेर न्यूजप्रिन्टमा लेखेर जनसमुदायका लागि चून ढुंगा आर्थिक मेरूदण्डको रूपमा किन भन्ने कुरा स्पष्ट गर्ने ।<br>• समुदायलाई चून ढुंगाको प्रयोगबाट के के फाइदा हुन सक्छ भनेर विद्यार्थीहरूलाई प्रश्न गर्ने र जवाफ लेख्न लगाई भन्न लगाउने ।<br>• विद्यार्थीहरूलाई उनीहरूको समुदायको घर निर्माण गर्न, उद्योगमा प्रयोग गर्न, कृषि प्रयोजन तथा रोजगारीमा समेत चून ढुंगाले आर्थिक टेवा दिएको कुरा शिक्षकले प्रष्ट पारिदिने । | • स्थानीय जनसमुदायका लागि चून ढुंगा कसरी आर्थिक मेरूदण्डको रूपमा हुने गर्छ ? भन्ने प्रश्न सोधेर । | ५ |
| ३ | संस्कार, कला संस्कृति र मानवीय मूल्य | • बैधानिक विवाहको महत्व ब्यक्त गर्न | **बैधानिक विवाहको महत्व:**<br>• कानुनी रूपले सुरक्षित<br>• अधिकार र कर्तब्यको पालना<br>• विवादमुक्ति | • प्रयोग सिप<br>• सहकार्य सिप,<br>• दृश्य साक्षरता सिप | • प्रचलित कानुनको परिधिभित्र रहेर गरिएको विवाहलाई बैधानिक विवाह भनिन्छ भनेर विद्यार्थीहरूलाई बताइदिने ।<br>• बैधानिक विवाहको महत्वलाई आफ्नो ,आफ्नो अभ्यास पुस्तिकामा लेख्न लगाई पालैपालो विद्यार्थीहरूलाई पढ्न लगाउने र प्राप्त जवाफलाई कक्षाकोठाको पाटीमा शिक्षकले लेख्दै जाने । | • बैधानिक विवाहको महत्व विभिन्न तरिकाले उल्लेख गर्न लगाएर | ४ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | | | | • शिक्षकले बैधानिक विवाहको महत्वलाई मेटाकार्डमा उल्लेख गरेर विद्यार्थीहरूलाई प्रदर्शन गर्ने र पढ्न लगाउने । | | |
| | | • स्थानीय मठमन्दिरको जगेर्ना गर्न समाजको भूमिका उल्लेख गर्न | **स्थानीय मठमन्दिरको जगेर्ना गर्न समाजको भूमिका :**<br>• समिति निर्माण गरेर,<br>• मर्मत सम्भार गरेर,<br>• नीति निर्माण गरेर,<br>• नैतिक कर्तब्य पालना गरेर | • प्रयोग सिप<br>• सहकार्य सिप,<br>• दृश्य साक्षरता सिप<br>• सञ्चार सिप | • विद्यार्थीहरूलाई बिभिन्न समूहमा विभाजन गरेर<br>• स्थानीय मठमन्दिरको जगेर्ना गर्न समाजको के भूमिका हुन्छ भन्ने कुरा न्यूज प्रिन्टमा लेख्न लगाई समूहगत प्रस्तुतिकरण गर्न लगाउने ।<br>• शिक्षकले पनि विद्यार्थीहरूबाट आउन नसकेका आवश्यक कुरालाई पाटीमा लेखेर स्थानीय मठमन्दिरको जगेर्ना गर्न समाजको भूमिका स्पष्ट पारिदिने | • स्थानीय मठमन्दिरको जगेर्ना गर्न समाजको के कस्तो भूमिका रहन्छ ? भनेर | ४ |
| | | • स्वस्थ आहार विहारका स्रोतहरू बताउन | • स्वस्थ आहार विहारका स्रोतहरू<br>• फलफूल जन्य,<br>• गेडागुडि जन्य,<br>• अन्न जन्य,<br>• पशु जन्य | • सिकाई सिप,<br>• सञ्चार सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • सर्वप्रथम विद्यार्थीहरूलाई स्वस्थ आहार विहार भनेको के हो भनेर मौखिक रूपमा प्रश्न गरेर प्रतिक्रिया लिने ।<br>• विद्यार्थीहरूलाई ४ समूहमा विभाजन गर्ने र स्वस्थ आहार विहारका स्रोतहरू पाटीमा लेखेर हरेक समूहलाई फलफूल जन्य, गेडागुडि जन्य, अन्न जन्य, पशु जन्य आहार विहारका स्रोतहरू लेख्न लगाएर समूह प्रमुखलाई प्रस्तुत गर्न लगाउने ।<br>• विद्यार्थीहरूले समूहमा प्रस्तुत गरेका फलफूलजन्य, गेडागुडिजन्य, अन्नजन्य, पशुजन्य स्वस्थ आहारविहार | • स्वस्थ आहार विहारका स्रोतहरू बताउन लगाएर | ४ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | | | | अन्तर्गतका स्रोतहरूलाई शिक्षकले उल्लेख गरिदिने । | | |
| | | ● शान्ति खलबल्याउने केहि शब्द र ब्यवहारहरू पहिचान गर्न | ● शान्ति खलबल्याउने केहि शब्द र ब्यवहार : | ● सिकाई सिप,<br>● सञ्चार सिप<br>● वैयक्तिक जिम्मेवारी सिप | ● तिमीलाई कसैले के भनेमा रिस उठ्छ ? भनेर विद्यार्थीलाई प्रश्न गर्ने ।<br>● आफ्नो अगाडि रहेको ब्यक्तिले कस्तो ब्यवहार गरेमा मन पर्दैन ? भनेर विद्यार्थीहरूलाई प्रश्न गर्ने ।<br>● तिमीले कसैलाई रिस उठ्ने शब्द वा ब्यवहार गरेका छौ कि छैनौ ? प्रश्न गर्ने ।<br>● शिक्षकले मेटाकार्डमा प्रयोग गर्न नमिल्ने शव्दहरू जस्तै लाटो, अन्धो, खोरन्डो, कानो, ढिलो होस् छोरा होस् , खुट्टा भए जुत्ता कति कति आदि जस्ता शान्ति खलबल्याउने शब्द लेखेर विद्यार्थीहरूलाई उच्चारण गर्न लगाउने र प्रश्न गर्ने कि यस्ता शब्द कसैले तिमीलाई प्रयोग गर्दा कस्तो लाग्छ ?<br>● शान्ति प्रभावित हुने केहि बानी लेखेर विद्यार्थी सामू शिक्षकले प्रस्तुत गर्ने । जस्तै : अरूको अगाडि नाक कोट्याउने , दाँत कोट्याउने , नङ् टोक्ने , उपरखुट्टी लाउने ,टेबुलमाथि खुट्टा राख्ने ,खुट्टा हल्लाउने ,फोहरी जिउ हुनु आदि ।<br>● लाटो, अन्धो, खोरन्डो, कानो, ढिलै होस् , छोरै होस् , खुट्टा भए जुत्ता कति कति आदि जस्ता शान्ति | ● शान्ति खलबल्याउने केहि शब्द र ब्यवहारहरू के के हुन् ? भनेर | ४ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | | | | खलबल्याउने शब्द हुन् । यी शब्द कसैले कसैलाई पनि प्रयोग गर्नु गराउनु हुँदैन भन्ने कुरा शिक्षकले लेखेर देखाउदै स्पष्ट पार्ने ।<br>● यसै गरेर शान्ति प्रभावित हुने केहि बानीहरू पनि नराम्रा बानीहरू भएकोले ती बानीहरूमा सुधार गर्नुपर्छ भनेर ती शान्ति प्रभावित हुने केहि बानीहरू विद्यार्थीहरूलाई बताइदिने । | | |
| | | ● नागरिक कर्तब्यहरूको सूची तयार गर्न | ● नागरिक कर्तब्यहरू : | ● सिकाई सिप,<br>● सञ्चार सिप<br>● वैयक्तिक जिम्मेवारी सिप | ● विद्यार्थीहरूलाई ३/४ समूहमा विभाजन गरेर नागरिक कर्तब्यहरू लेख्न लगाई समूह प्रमुखलाई प्रस्तुत गर्न लगाउने ।<br>● शिक्षकले न्यूजप्रिन्ट वा पाटीमा नागरिक कर्तब्यहरू लेखेर विद्यार्थीहरूलाई देखाउदै उनीहरूलाई पालैपालो सबैले सुन्ने गरेर पढ्न लगाउने अनि शिक्षकले पनि पढेर सुनाउने । नागरिकका कर्तब्यहरूः<br>क. राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु<br>ख. संविधान र कानुनको पालना गर्नु<br>ग. राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु<br>घ. सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु | ● नागरिक कर्तब्यहरू के के हुन् ? भनी सोधेर वा लेख्न लगाएर | ४ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| ४ | स्वास्थ्य र सरसफाइ | • स्वहेरचाह र तनाव व्यवस्थापनको अभ्यास गरी लागु गर्न | **मानसिक स्वास्थ्य**<br>• मानसिक स्वास्थ्य<br>• स्वहेरचाह<br>• तनाव व्यवस्थापन | • प्रयोग सिप<br>• स्वव्यवस्थापन सिप<br>• सिकाइ सिप | • मनोसामाजिक कार्यकर्ता तथा विद्यालयमा तालिम प्राप्त शिक्षकको सहयोगमा अथवा त्यो सम्भव नभएमा श्रोत सामग्री संकलन गरी शिक्षकले तनाव व्यवस्थापन गर्ने तरिका सिकाउने<br>• विद्यार्थीलाई स्वहेरचाह कसरी गर्ने भन्नेबारेमा कक्षामा अभ्यास गराउने<br>• तनाव व्यवस्थापन भएपछि हुने फाइदाहरू विद्यार्थीलाई लेख्न लाउने र केहि छुटेनछुटेको एकिन गरी शिक्षकले प्रष्ट पारिदिने । | • स्वहेरचाह अभ्यास गराएपछि कस्तो अनुभूति भयो भनेर सोधेर<br>• तनाव व्यवस्थापन पछिका फाइदाहरू टिपोट गर्न लगाएर | ७ |
| | | • योगको सामान्य इतिहास वताउन र नेपालमा यसको अभ्यासबारे भन्न<br>• सामुहिक योगाभ्यास तथा शारीरिक कसरतमा नेतृत्वदायी भुमिका खेल्न | • योगको सामान्य इतिहास र नेपालमा यसको अभ्यास<br>• सामूहिक योगाभ्यास तथा शारीरिक कसरतमा नेतृत्व<br>• योग आसनको अभ्यास<br>• गौतम बुद्धको अष्टाङ्ग आर्य मार्गको अभ्यास तथा जानकारी | • सिकाइ सिप<br>• प्रयोग सिप<br>• सञ्चार सिप | • अडियो भिडियो तथा चित्रहरू प्रदर्शन गरी योगाबारे छलफल गर्ने<br>• स्रोत शिक्षकबाट योगाको इतिहास र नेपालमा यसको अभ्यास तथा अवलम्बनबारे जानकारी गराउने<br>• बाजा तथा संगीतको तालमा कसरतको अभ्यास गराइ कसरतको महत्व भन्न लगाउने<br>• महत्वपूर्ण आसनको तस्बिर देखाई आफूले अभ्यास गर्ने र विद्यार्थीलाई विभिन्न आसनमा रहन लगाउने ।<br>• गौतम बुद्धको अष्टाङ्ग आर्य मार्गलाई टिपोट गर्दै कक्षामा व्याख्या र विश्लेशण गर्ने । | • छलफलमा सक्रिय सहभागीताको अवलोकन गरेर<br>• स्थानीय खानाको महत्व लेखन अभ्यास गराएर<br>• अभिभावक सगँ सुझाव लिएर<br>• कसरत तथा योगाभ्यासको अवलोकन गरेर<br>• सहपाठी विद्यार्थीको सुझाव लिएर<br>• शिक्षकले विद्यार्थीलाई योगको आसनको नाम बताउँदै सोही योग | ६ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आसनमा रहन लगाई अवलोकन गराएर ।<br>• गौतम बुद्धको अष्टाङ्ग आर्य मार्गको शीर्षकमा विद्यार्थीलाई कक्षामा प्रस्तुत गर्न लगाएर । | |
| | | • स्थानीय खानाको महत्व वताउन र उक्त खानाको संरक्षण गर्न | • स्थानीय खानाको महत्व र संरक्षण | • छलपल सिप<br>• सोचाइ सिप<br>• सिकाइ सिप | • -स्थानीय खानाको महत्वबारे चार्टको माध्ययमबाट प्रस्तुत गर्न लगाइ उक्त खानाको संरक्षणबारे छलफल गरी पृष्ठपोषण दिने | • स्थानीय खानाको महत्व र खानाको कसरी संरक्षण गर्ने भन्नेबारे लिखित तथा मौखिक प्रश्न सोधेर | ३ |
| | | • सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरूको योगदानको चर्चा गर्न | • सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाको योगदान | • छलपल सिप<br>• सोचाइ सिप<br>• सिकाइ सिप | • शारदा नगरवासीहरूको स्वास्थ्य अवस्था सुधारमा सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाको योगदानको चर्चा गर्न लगाउने | • समुदायमा स्वास्थ्य संस्थाको योगदानबारे परियोजना कार्य गर्न लगाएर | ४ |
| ५ | विपद् व्यवस्थापन | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चक्रबारे जानकारी दिन | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चक्र | • सिकाइ सिप<br>• व्यवस्थापन सिप<br>• सञ्चार सिप<br>• समस्या समाधान सिप | • विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापनका चक्र (पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना, पुनर्निर्माण, रोकथाम र अल्पीकरण) बारे बताउने र छलफल गर्ने | • विपद्जोखिम न्यूनीकरणका चक्र बारे सोधेर | ३ |
| | | • स्थानीय विपद् जोखिम न्यूनीकरण तथा | • स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका | • सिकाइ सिप<br>• व्यवस्थापन सिप | • विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय स्तरमा भएका कानुनी तथा संस्थागत | • स्थानीय स्तरमा बनेका ऐनबारे प्रश्न सोधेर तथा संस्थागत व्यवस्थाका | ३ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थापनका लागि प्रमुख प्रावधानहरु (कानुनी र संस्थागत) | लागि प्रमुख प्रावधानहरु (कानुनी र संस्थागत) | ● सञ्चार सिप<br>● दृश्य साक्षरता सिप<br>● अवलोकन सिप<br>● समस्या समाधान सिप | व्यवस्थाबारे छलफल गराउने जस्तैः<br>✓ विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि जनप्रतिनिधिहरुको नेतृत्वमा स्थानीय विपद् व्यवस्थापन समिति<br>✓ वार्ड विपद् व्यवस्थापन समिति,<br>✓ जोखिमयुक्त बस्तीमा सामुदायिक विपद्, व्यवस्थापन समिति गठन<br>✓ विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि वातावरण तथा विपद् व्यवस्थापन शाखा<br>✓ आपत्कालीन सञ्चालन केन्द्र<br>आदिको काम कर्तव्यबारे छलफल गराउने । | बारेमा सोधेर | |
| | | ● नेपालमा हुने मुख्यमुख्य महामारीहरुलाई सूचीकृत गर्ने र यसका कारण, असर तथा प्रभाव र रोकथामका उपायहरु जस्तै, झाडापखाला, डेगु, हैजा, कोभिड १९ बारे सचेत हुन र | ● नेपालमा हुने मुख्यमुख्य महामारीहरुको सूची, कारण, असर तथा प्रभाव र रोकथामका उपायहरु | ● सिकाइ सिप<br>● व्यवस्थापन सिप<br>● सञ्चार सिप<br>● अवलोकन सिप<br>● समस्या समाधान सिप | ● नेपालमा हुने मुख्य मूख्य महामारीहरुलाइ सूचीकृत गर्ने<br>● महामारीका कारण, असर तथा प्रभाव र रोकथामका उपायहरु जस्तै, झाडापखाला, डेगु, हैजा, कोभिड १९ बारे सचेतना सम्बन्धी छलफल गर्ने | ● नेपालमा हुने मुख्य मुख्य महामारीहरु के के हुन् ? आदि प्रश्न सोध्ने, महामारीका कारण असर प्रभाव तथा रोकथाम बताउन लगाएर, | ३ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | गराउन | | | | | |
| | | • विपद्को समयमा सबैभन्दा जोखिममा परेका वर्गहरु जस्तै बालबालिका, महिला दलित तथा विपन्न वर्गहरूको पहिचान गर्न । | • विपद्को समयमा सबैभन्दा जोखिममा परेका वर्गहरूको पहिचान | • समस्या समाधान सिप<br>• समूह कार्य सिप<br>• सञ्चार सिप | • विपद्को समयमा सबैभन्दा जोखिममा परेका वर्गहरु जस्तै बालबालिका, महिला दलित तथा विपन्न वर्गहरूको पहिचान गर्ने<br>• ती वर्गहरु किन विपद्का समयमा अझ बढी जोखिममा हुन्छन् भनी छलफल गर्ने । | • जोखिममा परेका समूहहरूको बारे छलफल गराएर<br>• यस्ता समूहलाई कसरी विपद्को समयमा उचित व्यवस्थापन गराउन सकिन्छ भन्ने बारे छलफल गराएर । | ३ |
| ६ | कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि | • साना व्यवसाय सञ्चालन तथा व्यवस्थापन गर्ने तरिका बताउन | **साना व्यवसायहरु**<br>• सञ्चालन<br>• व्यवस्थापन | • सञ्चार सिप<br>• व्यवहार कुशल सिप<br>• सिकाइ सिप | • साना व्यवसायको परिचय बताउने<br>• साना व्यवसाय सञ्चालन र व्यवस्थापन गर्ने तरिकाबारे विद्यार्थीहरूका बिच छलफल गराई थप स्पष्ट पार्ने | • साना व्यवसायको परिचय भन्न लगाएर<br>• साना व्यवसाय सञ्चालन गर्ने तरिका बताउन लगाएर<br>• साना व्यवसायको व्यवस्थापन गर्ने तरिका बताउन लगाएर | ३ |
| | | • फलफूल नर्सरीको परिचय दिन र महत्व बताउन स्थानीय र उन्नत जातका प्रमुख फलफूलको पहिचान गर्न र छनोट गरी उत्पादनमा सहभागी हुन | **फलफूल**<br>• फलफूल नर्सरीको परिचय<br>• फलफूल नर्सरीको महत्व<br>• स्थानीय जातका फलफूलहरु<br>• उन्नत जातका फलफूलहरु | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• दृश्य साक्षरता सिप<br>• प्रयोग सिप<br>• निर्णय तथा समस्या समाधान | • फलफूल नर्सरीको परिचय बताउने<br>• फलफूल नर्सरीको महत्वको बारेमा छलफल गराई स्पष्ट पार्ने<br>• फलफूल नर्सरीको अवलोकन गराउने<br>• स्थानीय जातका फलफूलको पहिचान गर्न लगाई सूची तयार गर्न लगाउने<br>• उन्नत जातका फलफूलको नाम भन्न लगाई पहिचान गर्न लगाउने<br>• फल फूलखेती गरेको स्थानको | • फलफूल नर्सरीको परिचय भन्न लगाएर<br>• फलफूल नर्सरीको महत्व बताउन लगाएर<br>• स्थानीय जातका फलफूलको नाम भन्न लगाएर<br>• उन्नत जातका फलफूलको नाम बताउन | १२ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | ● घर तथा विद्यालयमा उत्पादन गरिने फलफूलखेतीमा सहयोग गर्न<br>● फल टिप्ने समय र तरिका तथा फलफूलको संरक्षण गर्ने तरिका बताउन<br>● फलफूलका भेजिटेटिभ प्रजननका तरिका बताउन र प्रयोग गर्न ( कटिङ, ग्राफ्टिङ, विडिङ) | ● फलफूल टिप्ने समय र तरिका<br>● फलफूलको संरक्षण<br>● फलफूलको वानस्पतिक प्रजनन ( कटिङ, ग्राफ्टीङ, बडिङ) | सिप | अवलोकन गराई थप जानकारी प्रदान गर्ने<br>● फलफूल टिप्ने समय र तरिकाका बारेमा बताउने<br>● फलफूलको संरक्षणको तरिका बताउने<br>● फलफूलको वानस्पतिक प्रजनन्का तरिका छलफल गराई स्पष्ट पार्ने<br>● वानस्पतिक प्रजजनका तरिका मध्ये कटिङ, ग्राफ्टीङ र बडिङ विधिको प्रयोग मार्फत स्पष्ट पार्ने | लगाएर<br>● स्थानीय तथा उन्नत जातका फलफूल पहिचान गर्न लगाई छनौट र उत्पादनमा सहभागी हुन लगाएर,<br>● फलफूल टिप्ने समय र तरिका भन्न लगाएर<br>● फलफूलको संरक्षण गर्ने तरिका बताउन लगाएर<br>● कटिङ, ग्राफ्टीङ र वडिङको परिचय तथा बनाउने तरिका सोधेर | |
| | | ● तरकारी खेती, फलफूल खेती, अन्नबाली खेती तथा पशुपन्छी पालन (तरिका, बीउ छनौट, रोग पहिचान गर्न र रोग तथा किराबाट संरक्षणको | **स्थानीय स्तरमा गरिने तरकारी खेती, फलफूल खेती र पशुपंक्षी पालन**<br>● च्याउखेती<br>● धानखेती<br>● माछापालन<br>● सुन्तला<br>● कागती<br>● नास्पाती | ● सञ्चार सिप<br>● निर्णय तथा समस्या समाधान सिप<br>● सिकाइ सिप<br>● प्रयोग सिप | ● च्याउ खेती गर्ने तरिका, बीउ छनौट र रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई स्पष्ट पार्ने<br>● धान खेतीगर्ने तरिका, बिउ छनोट र रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई भन्न लगाउने तथा स्पष्ट पार्ने<br>● माछापालन गर्ने तरिका, प्रजाति छनोट | ● च्याउको विभिन्न बिउहरूको नाम भन्न लगाएर<br>● च्याउखेती गर्ने विधि<br>● बताउन लगाएर<br>● च्याउमा लाग्ने रोग तथा किराहरूको नाम भन्न लगाएर<br>● च्याउमा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने | ५ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | परम्परागत तरिका अवलम्बन गर्न र उत्पादन कार्यमा सहभागी हुन ( च्याउखेती/धान खेती/ माछापालन) | | | र रोगको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई स्पष्ट पाने | उपायहरु भन्न लगाएर<br>● धानको प्रजाति भन्न लगाएर<br>● धानखेती गर्ने विधि बताउन लगाएर<br>● धानखेतीमा लाग्ने रोग तथा किराहरुको नाम भन्न लगाएर<br>● धान खेतीमा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने उपायहरु भन्न लगाएर<br>● माछाका विभिन्न प्रजातिहरुको नाम भन्न लगाएर<br>● माछा पालन गर्ने विधि बताउन लगाएर<br>● माछामा लाग्ने रोगको नाम भन्न लगाएर<br>● माछामा लाग्ने रोगबाट संरक्षण गर्ने उपायहरु भन्न लगाएर | |
| | | ● स्थानीय व्यवसाय (डोको, सुपो, छिट्नी, डालो, मोगरा जस्ता वाँसका सामान ) | **स्थानीय व्यवसाय**<br>● डोको<br>● नाम्लो<br>● गुन्द्री<br>● छिटुनी | ● प्रयोग सिप<br>● रचनात्मक सिप<br>● सिकाइ सिप<br>● सहकार्य | ● डोको बनाउने विधि तथा महत्वको बारेमा बताउने<br>● सुपो बनाउने विधि तथा महत्वको बारेमा बताउने<br>● डालो बनाउने विधि तथा महत्वको | ● डोको बनाउने तरिका र महत्व बताउन लगाएर<br>● सुपो बनाउने तरिका र महत्व बताउन लगाएर<br>● डालो बनाउने तरिका र | ३ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | बनाउने विधि र महत्व बताउन र निर्माण गर्न | • स्यांकु<br>• छाचुर | सिप | बारेमा बताउने<br>• छिटुनी बनाउने विधि तथा महत्वको बारेमा बताउने<br>• मोगरा बनाउने विधि तथा महत्वको बारेमा बताउने<br>• डोको, सुपो, छिटुनी, डालो, मोगरा जस्ता वाँसका सामान बनाउने ठाउँको अवलोकन गराई अभ्यास गर्न लगाउने | महत्व बताउन लगाएर<br>• छिटुनी बनाउने तरिका र महत्व बताउन लगाएर<br>• मोगरा बनाउने तरिका र महत्व बताउन लगाएर | |
| | | • सिलाइ, कटाइ र बुनाइको परिचय दिन र विधि बताउन र बुनाइ गर्न | **सिलाइ, कटाइ र बुनाइ**<br>• सिलाइ<br>• कटाइ<br>• बनाइ | • प्रयोग सिप<br>• रचनात्मक सोचाइ सिप<br>• निर्णय तथा समस्या समाधान सिप | • सिलाइको परिचय र विधिको बारे छलफल गराई प्रयोगात्मक अभ्यास गराउने<br>• कटाइको परिचय र विधिको बारे छलफल गराइ प्रयोगात्मक अभ्यास गराउने<br>• बुनाइको परिचय र विधिको बारे छलफल गराई प्रयोगात्मक अभ्यास गराउन | • सिलाइको परिचय तथा विधि भन्न लगाएर<br>• कटाइको परिचय र विधि बताउन लगाएर<br>• बुनाइको परिचय तथा विधि बताउन लगाएर | ३ |
| | | • आधुनिक प्रविधि र यसको प्रयोग, फाइदा र बेफाइदा बताउन र सुरक्षित तरिकाले प्रयोग गर्न (मोवाइल वैंकीङ्, अनलाइन पे) | **आधुनिक प्रविधि र यसको प्रयोग**<br>• अनलाईन पे<br>• वाइफाइ<br>• एसी<br>• स्मार्ट फोन | • प्राविधिक सिप<br>• प्रयोग सिप<br>• सक्रियपूर्वक सुन्ने सिप<br>• सिकाइ सिप | • अनलाइन पे को परिचय दिदै यसको फाइदा र बेफाइदाको बारेमा छलफल गराई स्पष्ट पार्ने<br>• अनलाईन पे को प्रयोगात्मक अभ्यास गराउने<br>• एसी को परिचय बताउने<br>• वाइफाइको प्रयोग बताउने<br>• एसीको प्रयोग, फाइदा तथा बेफाइदाको बारेमा बताउने<br>• स्मार्ट फोनको प्रयोग, फाइदा तथा | • अनलाइन पे को परिचय सोधेर<br>• अनलाईन पे को फाइदा तथा बेफाइदा बताउन लगाएर<br>• एसीको परिचय भन्न लगाएर<br>• एसीको प्रयोगबाट हुने फाइदा तथा बेफाइदा बताउन लगाएर | २ |

| क्र.स. | क्षेत्र/इकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | का.घ. |
|---|---|---|---|---|---|---|---|
| | | | | | बेफाइदाको बारेमा बताउने | • स्मार्ट फोनको प्रयोग, फाइदा तथा बेफाइदाको बारेमा बताउन लगाएर | |
| | | • बहुवाली, वालीचक्र र घुम्ती वाली प्रणालीका विशेषता बताउन<br>• परिवारसँगै खेतबारीमा बालीनालीको काम गरी प्रतिवेदन तयार गर्न | **बहुवाली, वालीचक्र र घुम्ती वाली**<br>• बहुवाली<br>• वालीचक्र<br>• घुम्ती वाली<br>• विशेषताहरू | • प्राविधिक सिप<br>• प्रयोग सिप | • बहुबाली चक्रका फाइदा तथा बेफाइदाको बारेमा बताउने<br>• घुम्तीवालीका फाइदा तथा बेफाइदाको बारेमा बताउने<br>• बालीचक्रका फाइदा तथा बेफाइदाको बारेमा बताउने<br>• बहुवाली, वालीचक्र र घुम्ती वालीका विशेषता बताउने<br>• परिवारसँगै खेतबारीमा बालीनालीको काम गरी प्रतिवेदन तयार गर्ने कुरा बताउने | • बहुबाली चक्रका फाइदा तथा बेफाइदाको बारेमा बताउन लगाएर<br>• घुम्तीवालीका फाइदा तथा बेफाइदाको बारेमा बताउन लगाएर<br>• बालीचक्रका फाइदा तथा बेफाइदाको बारेमा बताउन लगाएर<br>• बहुवाली, वालीचक्र र घुम्ती वालीका विशेषता बताउन लगाएर<br>• परिवारसँगै खेतबारीमा बालीनालीको काम गरी प्रतिवेदन तयार गर्न लगाएर | ४ |

## ६. प्रयोगात्मक तथा परियोजेना कार्य

**कक्षा ४**

- नगरपालिकाका वडागत महिला र पुरूषको विवरणको चार्ट तयार गरी कक्षामा टाँस गर्नुहोस् ।
- आफूले मनाउने प्रमुख चाडपर्वको बारेमा आफ्नो अभिभावकसँग सोधपुछ गरी तलका बुँदाको आधारमा तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । (चाडपर्वको नाम, चाडपर्व परेको महिना र गते, उक्त चाडपर्वमा गरिने क्रियाकलाप आदि)
- समूहगत रूपमा कार्य विभाजन गरी नजिकमा पर्ने धार्मिक स्थलको भ्रमण गरी धार्मिक स्थल रहेको ठेगाना, परिचय, गरिने क्रियाकलाप, महत्व आदिलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंको गाउँटोलमा पाइने हस्तकलाका सामग्री के के छन् सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्नुहोस् । ती सामग्री बनाउने तरिका र उपयोगितासम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घरमा हस्तकलाबाट निर्माण गर्न सकिने विभिन्न सामग्री मध्ये अभिभावकको सहयोगमा कुनै एक हस्तकलाको सामग्री (डोको, डालो, जाल, हलो, जुवा, हलुर, छिट्नी, खुर्पेटो, छाँचुर, दुना टपरी, पेरूंगो, ढरीया) निर्माण गर्नुहोस् । उक्त सामग्री निर्माण गर्दा चाहिने कच्चा पदार्थ, निर्माण गर्ने तरिका र निर्मित सामग्रीको प्रयोग तथा उपयोगिता आदिलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् । कक्षामा उक्त सामग्री प्रदर्शन गर्नुहोस् ।
- सोधखोज तथा अवलोकनको माध्यमबाट आफ्नो नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु तथा चराको सूची बनाउनुहोस् । उक्त वन्यजन्तु र चराको महत्व तथा संरक्षण गर्ने तरिका समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
- घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी बोटबिरूवाको वृक्षारोपण गर्नुहोस् । बिरूवा हुर्काउनका लागि आवश्यक पर्ने तत्व (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब एक महिनामा बिरूवाको वृद्धि कति भयो, बिरूवामा के कस्ता परिवर्तन आए ? अवलोकन गरी प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर तथा विद्यालयबाट निस्कने फोहोरको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिका अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा स्नानघरबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु) आदिको व्यवस्थापन गर्ने तरिका (आफू, आफ्नो परिवार, विद्यालय)लाई प्रयोग गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के-के प्रगति भयो ? संक्षेपमा प्रतिवेदन बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- समाजका असल व्यक्तिले गरेका कार्यको सूची तालिकामा तयार गर्नुहोस् । ती असल कार्य मध्ये आफूले गर्नसक्ने कार्य छनोट गरी कार्यान्वयन गर्नुहोस् । यसरी कार्यान्वयन गर्दा के-के पक्षमा सुधार भयो ? प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- वडाभित्र रहेका स्वास्थ्य संस्थामध्ये कुनै एक स्वास्थ्य संस्थाको बारेमा निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस् । उक्त निबन्धमा संस्थाको परिचय, प्रदान गर्ने सेवालाई समेट्नुहोस् ।

**कक्षा ५**

- शारदा नगरपालिकाको नक्सा बनाई निम्नलिखित स्थान भर्नुहोस् : (शारदा नदी, अदुवा उत्पादन क्षेत्र माल्नेटा, खैरावाङ मन्दिर, खामे लेक)
- समूहगत/व्यक्तिगत रूपमा त्रिवेणी मेला (श्रीनगर), सुवाकोटी मेला (माल्नेटा र मदमकाँडा), दुल्धारा पोखरा मेला, सालचौर मेला, माघि मेला आदि मध्ये कुनै एकको सम्बन्धमा उक्त मेलाका जानकार समुदायका व्यक्तिसँग सोधपुछ गरी निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्- (क) परिचय (ख) मेलामा गरिने क्रियाकलाप (ग) राम्रा पक्षहरु (घ) सुधार गर्नुपर्ने पक्षहरु
- समूहगत रूपमा शारदा नगरपालिकाभित्र पर्ने लेखापोखरा भाइरल चौर शानपा १४, खैरावाङ्ग मन्दिर, शीतलपाटी शिव मन्दिर, खलंगा गणेशथान मन्दिर अथवा तपाँइको ठाउँमा भएको धार्मिक पर्यटकिय क्षेत्रको अवलोकन भ्रमण गर्नुहोस् र ती ठाउँका विशेषताको बारेमा सोधखोज तथा अवलोकन गरी प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी औषधिजन्य वनस्पति - जस्तै घिउकुमारी, अमला, तुलसी, पाती, असुरो वा अन्य औषधिजन्य वनस्पति)को वृक्षरोपण गर्नुहोस् । ती वनस्पति हुर्किनको लागि आवश्यक पर्ने तत्व (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब तीन महिनामा बिरूवाको वृद्धि कति भयो, बिरूवामा के कस्ता परिवर्तन आए ? अवलोकन गर्नुहोस् । ती औषधिजन्य वनस्पति के-के कामको लागि प्रयोग गरिए ? प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर तथा विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिका- कम प्रयोग, पुनःप्रयोग र पुनःचक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपाय अवलम्बन गर्दा के-के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर तथा विद्यालयमा प्रयोग भएका ऊर्जाका स्रोतको पहिचान गरी के-के कार्यमा प्रयोग गरिएको छ ? ऊर्जाको मितव्ययी तरिकाले प्रयोग गर्न अपनाइएका पक्षलाई समेत समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- नगर भित्रका सहकारी, वित्तीय, सामाजिक, स्वास्थ्य, शैक्षिक, संस्थाको भ्रमण गरी सो संस्थाको परिचय, स्थापनाको उद्देश्य, संस्थाले गर्दै आएका कार्य र भावी योजनासम्बन्धी विवरण सहितको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ६**

- नगरपालिकाको नक्सा कोर्नुहोस् र नगरपालिका भित्र रहेका मुख्य-मुख्य स्थानलाई नक्सामा सङ्केतमा देखाउनुहोस् ।
- वडा कार्यालयमा भ्रमण गर्नुहोस् र वडा कार्यालयले प्रदान गर्ने समग्र सेवा तथा बालबालिका र युवाको लागि सेवा के-के रहेछन् ? सोधखोज गरी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस् । साथै बालबालिका तथा युवाको लागि प्रदान गर्ने विषयसँग सम्बन्धित अन्य सेवा भए ती सेवा प्रदान गर्ने सुझावलाई पनि प्रतिवेदनमा समावेश गर्नुहोस् ।

- शारदा नगरपालिकामा बसोबास गर्ने मानिसहरूले मनाउने स्थानीय चाडपर्व मध्ये कुनै एक चाडपर्वको बारेमा निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्- चाडपर्वको नाम, मनाउने तरिका, महत्व, राम्रा पक्ष, सुधार गर्नुपर्ने पक्ष ।
- शारदा नगरपालिका अर्न्तरगत बसोबास गर्ने गन्धर्व जातिले बजाउने स्थानीय लोकबाजा, गाउने गीत र नृत्यको एक-एक क्रियाकलाप गर्नुहोस् । यसबाट सिकिएका पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- शारदा नगरपालिका वडा नं. २ खलंगामा रहेको प्रख्यात खुकुरी उद्योग वा आफू बसेको स्थान नजिकै रहेको खुकुरी उद्योग अवलोकन गर्नुहोस र खुकुरी उद्योगका बारेमा निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्- खुकुरीका नाम र प्रकार, बनाउने तरिका, खुकुरी कहाँ कहाँ बिक्रिका लागि पठाइन्छ?, महत्व, इतिहास, राम्रा पक्ष, सुधार गर्नुपर्ने पक्ष ।
- शारदा नगरपालिका भित्र बनाइने परम्परागत हस्तकलाका सामग्री मध्ये तपाइँको ठाउँमा बनाउने कुनै एक सामग्री निर्माण गर्नुहोस् । निर्माण गरिएका सामग्रीको नाम, निर्माण गर्दा चाहिने कच्चा पदार्थ, निर्माण विधि (चित्रसहित चरण), निर्मित सामग्रीको उपयोगिता जस्ता पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् । कक्षामा सामग्री प्रदर्शन गर्दै प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।
- स्थानीय स्तरमा भएको कुनै एउटा विपद्को अवलोकन गर्नुहोस् । सो विपद्ले पुऱ्याएको असर (मानवीय, शैक्षिक, आर्थिक, भौतिक लगायत) को पहिचान गर्नुहोस् । उक्त विपद्लाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न के-के कार्य गर्न सकिन्छ ? प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।
- विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नालाई खाली ठाउँमा रोप्नुहोस् । बेर्ना हुर्कनको लागि आवश्यक वस्तुको नियमित रूपमा प्रवाह गर्नुहोस् । करिब २/३ महिनामा ती बेर्नाको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरु र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर वरपरको खाली ठाउँ, करेसाबारी/बार्दली/कौसी/बरण्डामा सागसब्जी तथा दैनिक रूपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रूपमा सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने कुरा (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गर्नुहोस् । ती आचरणको कार्यान्वयन गर्ने योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् । कार्यान्वयन गर्दा तपाईंमा के-के आचरणको विकास भयो ? स्वमूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ७**

- सल्यान जिल्लाको नक्सा कोर्नुहोस् र जिल्ला भित्र तथा आफ्नो नगरपालिकाभित्र रहेका मुख्य-मुख्य स्थानलाई नक्सामा सङ्केतमा देखाउनुहोस् ।
- नगरपालिकाको कार्यालयमा भ्रमण गर्नुहोस् र नगरपालिकाले प्रदान गर्ने समग्र सेवाका साथै बालबालिका र युवाका लागि प्रदान गरिने सेवा के-के रहेछन् ? सोधखोज गरी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत

गर्नुहोस् । साथै बालबालिका तथा युवाको लागि प्रदान गर्ने विषयसँग सम्बन्धित अन्य सेवाहरु भए ती सेवा प्रदान गर्ने सुझावलाई पनि प्रतिवेदनमा समावेश गर्नुहोस् ।

- शारदा नगरपालिका १ शान्तिनगरमा बसोबास गर्ने बादी जातिको भाषा, भेषभूषा, चाडपर्व रीतिरिवाज, धर्म संस्कृति, गायन, बाजा र नृत्य सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । यसरी विवरण तयार गर्दा उक्त समुदायका उल्लेखित पक्षमा भएका राम्रा र सुधारका पक्षलाई ध्यान दिनुहोस् ।
- जैतपानी खामेलेक क्षेत्र, रानी पार्क, सितापाइला पार्क, लेखापोखरा भाइरल चौर, गुफा र कालिका मन्दिर शानपा १४, थानेटाकुरा शानपा १३, भद्रकालि मन्दिर लेखटाकुरा, मार्के ज्वालापुर माटाका भाँडा बनाउने ठाउँ, असुखोली गुफा, माल्नेटा अदुवा उत्पादन क्षेत्र, मधाना टाकुरा, शिव मन्दिर सल्यानचौर, उभोलेक अत्तरकाँडा, स्यानिखाल शिव मन्दिर, खैरावाङ्ग मन्दिर, शिव मन्दिर, कालिका मन्दिर, भोटेकालिका मन्दिर, खानीखोलाको तामाखानी शानपा ७, गणेस्थान मन्दिर, शानपा १२ को ढुंगाको खरायो, भगवतीथान, सुंगुरदेउ लेक, भिमसेनथान मन्दिर मध्ये तपाँइको विद्यालय नजिकको कुनै एक स्थानको भ्रमण गर्नुहोस् । ती स्थानको परिचय, अवलोकन गर्दा पाइएका वस्तुको विवरण, महत्व, संरक्षणका उपाय लगायतका पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- स्थानीय परम्परागत हस्तकलाका सामग्री डोको, बरानी, मान्द्रो, सुपो, नाम्लो, दाम्लो, मध्ये कुनै एउटा सामग्री निर्माण गर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् । कक्षामा सामग्री प्रदर्शन गर्दा निर्माण गरिएको सामग्रीको नाम, उक्त सामग्री बनाउन चाहिने कच्चा पदार्थहरु, बनाउने विधि, सामग्रीको उपयोगिता आदिलाई समेट्नुहोस् ।
- गँड्यौला मल बनाउने विधिअनुसार घरमा गँड्यौला मल बनाउनुहोस् र विद्यालयमा गँड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको गँड्यौला मललाई प्रयोग गर्ने विधिअनुसार तरकारी खेती, पुष्प खेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
- घर तथा विद्यालयमा करेसाबारी/बगैँचा निर्माण गरी बार्दली/कौसी/वरण्डा वा गमलामा तरकारी खेती/पुष्प खेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरु, तिनीहरुको उपयोग, भएको फाइदा सम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- असल नागरिक हुन आवश्यक सिपको विवरण तयार गर्नुहोस् । ती सिपको कार्यान्वयनका लागि योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् । यसरी कार्यान्वयन गर्दा तपाईं स्वयंमा के कस्ता र व्यवहार परिवर्तन भए ? यसबाट तपाईंले के–के कुरा सिक्नुभयो ? प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ८**

- कर्णाली प्रदेशको नक्सा निर्माण र आफ्नो जिल्ला, नगरपालिका तथा मुख्य मुख्य स्थलको अवस्थितिलाई सङ्केतमा देखाउनुहोस् ।
- बालीघरे (खलो) प्रथा, कटुवाले प्रथाको विद्यमान अवस्था पहिचान गर्नुहोस् । यस्ता सामाजिक समस्या समाधानको लागि गरिएका प्रयास, भावी दिनमा गर्नुपर्ने कार्यको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- समूहगत रुपमा दशनामी, बाह्रपन्थी, ब्राह्मण, क्षेत्री, मगर, दलित लगायत तपाइको विद्यालय क्षेत्रमा रहेका जातजाति र समुदायको संस्कार र संस्कृतिको बारेमा सोधखोज गर्नुहोस् । उक्त समुदायको संस्कार र

संस्कृतिमा भएका असल अभ्यास तथा सुधारका पक्षलाई समेटी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

- कक्षा ८ ले हाम्रा परम्परागत पेसा र व्यवसायको सम्भावना तथा चुनौती विषयमा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप अन्तर्गत वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्नुहोस् । यस कार्यक्रममा कुन-कुन विद्यार्थीले कुन कुन पक्षमा जोड दिए ? सोको विवरण र यस कार्यक्रमबाट भएको सिकाइलाई समेटी समूहगत रूपमा प्रतिवेदन तयार गर्नुहोस् ।
- समूहगत रूपमा विभाजन हुनुहोस् । स्थानीयस्तरमा हालसम्म भएका विपद्को पहिचान गर्नुहोस् । ती विपद्बाट भएको (शैक्षिक, भौतिक, मानवीय, आर्थिक वा अन्य)को विवरण तयार गर्नुहोस् । आगामी दिनमा त्यस्ता विपद् श्रृजना नहुनका लागि गर्न सकिने उपायलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी बिन र पिट कम्पोष्टिङ् विधिबाट मल बनाउनुहोस् । आवश्यकता अनुसार तयारी मललाई तरकारी खेती, पुष्प खेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
- हरित विद्यालय निर्माणको लागि इको क्लबको गठन गर्नुहोस् । आवश्यकताअनुसार हरित विद्यालय निर्माण अन्तर्गतका पक्ष (ऊर्जा, पानी, सरसफाइ, फोहोरमैला, सिकाइ व्यवस्थापन, हरियाली प्रवर्द्धन आदि)को प्रभावकारी कार्यान्वयन गर्नको लागि उपसमिति समेत गठन गर्नुहोस् । उक्त उपसमितिले गरेका कार्य र प्राप्त उपलब्धिलाई समेटी प्रतिवेदन तयार गरी विद्यालयको कार्यक्रममा प्रस्तुत गर्नुहोस् ।
- सामाजिक सञ्जालको दुरुपयोग, यसका प्रभाव र बच्ने उपायहरु शिर्षकमा निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- जीवनमा असल र सफल बन्ने उपाय खोजी गर्नुहोस् । ती उपाय कार्यान्वयन गर्नको लागि छ महिनाको योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् । कार्यान्वयनका क्रममा तथा कार्यान्वयन पश्चात् तपाईंमा के-के परिवर्तन भयो ? के-के सिकाइ भयो ? के-के मा सफल हुनुभयो ? यी सबै पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया

### (क) कक्षा १-३ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

आधारभूत तहअन्तर्गत कक्षा १-३ को पाठ्यक्रम समग्रमा बहुविषयक ढाँचामा विकास भएको छ । यस अन्तर्गत चारवटा विषयहरु पाठ्यक्रम विकास केन्द्रले विकास गरेको छ भने एउटा विषय (स्थानीय विषय वा मातृभाषा)को पाठ्यक्रम विकास गर्ने जिम्मा स्थानीय सरकारलाई छ । तसर्थ बहुविषयक ढाँचामा आधारित भई स्थानीय विषयको पाठ्यक्रम विकास गरिएकोले शिक्षण सिकाइ सहजीकरण गर्दासमेत अन्य विषयसँग मिल्दाजुल्दा विषयवस्तु तथा सिकाइ उपलब्धिलाई सँगसँगै सहजीकरण गर्ने र नमिल्दा विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको आधारमा सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । निश्चित विषय क्षेत्रमा आधारित बहुविषयगत एकीकरणले सिकाइलाई अन्तरसम्बन्धित र बढी सान्दर्भिक बनाउन सहयोग पुऱ्याउँछ ।

एकीकृत ढाँचामा सिकाइ सहजीकरण गर्दा सिकाइको योजना निर्माणका लागि विषयगत सक्षमता र समग्र पाठ्यक्रम संरचनाको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ । बहुविषयक विषय क्षेत्रमा आधारित भई हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजी र स्थानीय विषय क्षेत्रमा सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी निर्धारित विषय क्षेत्रको वरिपरि आ-आफ्नो विषय क्षेत्रगत अवधारणा तथा सिपहरु हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ । यसको लागि छनोट गरिएका विधि, प्रक्रिया तथा क्रियाकलापले विद्यार्थीलाई सक्रिय बनाउने, सबैलाई सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ । सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सिप, स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलता जस्ता वैयक्तिक सिप, सञ्चार, सहकार्य, सहानुभूति जस्ता अन्तरवैयक्तिक सिप, विभिन्न किसिमका बहुसाक्षरता सिप र नागरिक दायित्वसम्बन्धी विभिन्न किसिमका नागरिक सिप प्राप्तिलाई सहयोग गर्नुपर्छ । विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गरी सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ ।

विद्यार्थीको सिकाइको मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपर्दछ । न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लोस्तरको सिकाइ गर्नसक्ने बनाउन सहयोग गर्नुपर्छ । यथाशक्य कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्दछ । एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिए पनि समूहमा छलफल गरी बहुविषयक शिक्षण योजना तयार गर्ने र सोहीबमोजिम सिकाइ सहजीकरण गर्ने प्रबन्ध मिलाउनुपर्छ । कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ । यसका लागि कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुनसक्ने प्रबन्ध गर्नुपर्छ । स्थानीय विषयको सिकाइ गर्दा सामान्यतया निम्न विधि र तरिका प्रयोग गर्न सकिन्छ :

(अ) कथा कथन एवम् गीत

(आ) अभिनय तथा भूमिका निर्वाह

(इ) छलफल र प्रश्नोत्तर

(ई) खोज तथा समस्या समाधान विधि

(उ) खेल विधि

(ऊ) प्रयोगात्मक विधि

(ऋ) क्षेत्र भ्रमण

(ए) प्रदर्शन विधि

## (ख) कक्षा ४-८ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरूमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रूचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूप लगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीयय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

आधारभूत शिक्षा अन्तर्गत कक्षा ४-८ को यो पाठ्यक्रमा समावेश गरिएका विषयवस्तुहरु प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनाक्रमलाई बालबालिकाले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तुहरु स्थानीय ज्ञान, सीपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिकभन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यस विषयको सिकाइ सहजीकरण गर्दा निम्न विधि र तरिकाहरु प्रयोग गर्न सकिन्छ :

**शिक्षण विधि**

(अ) प्रयोगात्मक विधि

(आ) अवलोकन विधि

(इ) छलफल विधि

(ई) समस्या समाधान विधि

(उ) प्रदर्शन विधि

(ऊ) क्षेत्र भ्रमण विधि

(ऋ) प्रश्नोत्तर विधि

(ए) घटना अध्ययन विधि शिक्षण तरिका तथा रणनीति

(अ) मस्तिष्क मन्थन

(आ) ग्यालरी हिंडाइ

(इ) सोच्ने जोडी बनाउने अनुभव आदानप्रदान गर्ने

(ई) केडब्लुएल चार्ट

(उ) ग्राफिटी

(ऋ) जिग्स

(ए) घटना परस्पर शिक्षण

## ८. विद्यार्थी मूल्यांकन

### (क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरेर विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्र भ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराई सोहीबमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नुपर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नुपर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलाप पछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीको निरन्तर लेखाजोखा गरी सिकाइ

सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने तथा दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइस्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्नसक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषय क्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषय क्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्यांकन गर्ने साधन समावेश गर्नु उपयुक्त हुने छ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रूचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रूचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधन हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनालाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागीता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रूजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धि सहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका

तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमी कमजोरी रहेका छन् र ती कमी कमजोरी हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागीता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिका अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रूजु सूची, श्रेणीमापन, रूब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधन प्रयोग गर्न सकिन्छ ।

**(इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लेखित तरिका तथा साधन मध्ये उपयुक्त साधनहरु प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइ स्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइ स्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धि स्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धि स्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धि स्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धि स्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता तथा सुधारका क्षेत्र एवम् उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर सहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसैगरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धि स्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइ स्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागी योजना बनाउन गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लेखित मूल्याङ्कनका तरिका तथा साधन मध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूप अनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

### (ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापन पछि विद्यार्थीलाई नतिजा जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषय क्षेत्र वा थिमको सिकाइ पश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धि सहित अभिभावक तथा शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्न विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावकसँग छलफल गर्न सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीन देखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजा सहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थीका सबल पक्ष, रूचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

## विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

### १. विषय क्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :

- प्रत्येक थिम वा विषय क्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फाइलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षाकार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जना समयबद्ध रूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धि स्तर झल्काउने प्रतिनिधि कार्यमात्र समावेश गर्नुपर्छ । यसमा यति नै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषय क्षेत्रगत रूपमा गरिने पाँच वटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुनसक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखको समयबद्ध सूची भित्री आवरण पृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फाइल हस्तान्तरण गर्नुपर्छ ।

**२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नानुसार प्रयोग सकिन्छ :**

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति एवम् कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य तथा उपलब्धिबारे आत्मविश्वास पैदा गर्न एवम् थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न

**विषय क्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम**

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकैपटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइस्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइ पश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भए अनुसार अभिलेखित गर्नुपर्छ ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर अधिकतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धिस्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धिस्तर सकेसम्म ४ पुऱ्याउने अपेक्षा राख्नुपर्छ ।

५. विषय क्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अंकको जोड}}{४ \times \text{मूल्यांकन गरिएको सिकाइ उपलब्धीहरूको संख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | विषयगत Final Grade Range | Final Grade |
|---|---|---|
| १ | ३.६१ देखि ४.० सम्म | $A^+$ |
| २ | ३.२१ देखि ३.६ सम्म | A |
| ३ | २.८१ देखि ३.२ सम्म | $B^+$ |
| ४ | २.४१ देखि २.८ सम्म | B |
| ५ | २.०१ देखि २.४ सम्म | $C^+$ |
| ६ | १.६१ देखि २.० सम्म | C |
| ७ | १.६ | D |
| ८ | १.६ भन्दा कम | Non Grade |

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धि स्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्न अनुसार निकाल्नुपर्छ :

$$\text{विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अंकको जोड}}{४ \times \text{मूल्यांकन गरिएको सिकाइ उपलब्धीहरूको संख्या}} \times १००$$

# अनुसूची १

## स्थानीय विषय शारदाको चिनारीको थिमगत उपलब्धि विवरण

## मूल्याङ्कन अभिलेखीकरण फाराम

**विद्यार्थी मूल्याङ्कन मापनका आधार :** निम्नलिखित आधारमा विद्यार्थीको सिकाइस्तरको मापन १, २, ३ वा ४ गरी कक्षा तथा क्षेत्र र थिमअनुसार उल्लेखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मापन गरी आएको उपलब्धिस्तरको अङ्क (१, २, ३ वा ४) चढाउनुहोस् । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्कन महलमा चढाउनुहोस् । फारामको कैफियत महलमा उल्लेखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुहोस् । यो अभिलेख फाराममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चार वटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ । थिमगत रूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा मूल्याङ्कनका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षाकार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्वारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायता पश्चात । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखीकरण गर्नुपर्छ । यसको लागि प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिस्तरको सही मापन गर्न रूब्रिक्स बनाउन सकिन्छ । उदाहरणको लागि यहाँ पहिलो थिम हाम्रो शारदा नगरपालिकाको सिकाइ उपलब्ध १ लाई चार वटा निम्न लिखित सूचक बनाएको छ :

| **सिकाइ उपलब्धि** | **सूचक** | | | |
|---|---|---|---|---|
| आफू बसोबास गरेको गाउँ टोलको नाम बताउन | आफू बसेको गाउँ टोलको नाम राम्रोसँग मिलाएर भन्न सकेमा | आफू बसेको गाउँ टोलको नाम भन्न सकेमा | आफू बसेको गाउँ वा टोलको नाम भन्न सकेमा | आफू बसेको गाउँ टोलको नाम भन्न नसकेमा |
| सिकाइ उपलब्धिको स्तर | ४ | ३ | २ | १ |

कक्षाः १ विषयः शारदाको चिनारी विद्यार्थीको नामः रोल नम्वरः

**१. हाम्रो शारदा नगरपालिका**

| क्र. स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफू बसोबास गरेको गाउँ टोलको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २ | आफू बसोबास गरेको नगरपालिकाको नाम र वडा नम्वर बताउन | प्रश्नोत्तर | | | | |
| ३ | नगरपालिकाको भौगोलिक स्वरूप पहिचान गर्न (हिमाल, पहाड, तराइ) | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४ | घर तथा विद्यालय वरपरको वस्तु तथा स्थान (बाटोघाटो, बजार पूल) को पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

**२. प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा**

| क्र. स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो बसोबास भएको क्षेत्र वरिपरिको स्थानीय वन जंगल र नदी, खोलाको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २ | पानीको घरायसी प्रयोग गर्न | प्रश्नोत्तर | | | | |
| ३ | स्थानीय चाडपर्वको नाम बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

**३. संस्कार, कला संस्कृति र मानवीय मूल्य**

| क्र. स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | न्वारन वा नाम कर्मका बारेमा संक्षिप्त रूपमा बताउन | प्रश्नोत्तर | | | | |
| २ | स्थानीय नाचको परिचय दिन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३ | आदरार्थी शब्दको प्रयोग गरेर बोलि ब्यबहार गर्न | प्रश्नोत्तर, छलफल, वार्तालाप | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

**४. स्वास्थ्य र सरसफाइ**

| क्र. स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | शरीरका अंगहरूको सरसफाइ गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| २ | व्यक्तिगत सरसफाइका लागि आवस्यक सामग्रीहरूको नाम भन्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३ | सरसफाइ गर्नुपर्ने स्थानको नाम भन्न | प्रश्नोत्तर, छलफल, अवलोकन | | | | |
| ४ | घर आँगनको सरसफाइमा अभिभावकसँग सहकार्य गर्न | प्रश्नोत्तर, परियोजना कार्य | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

### ५. विपद् व्यवस्थापन

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो् घर, टोल, बाटो, विद्यालय तथा वडा भित्र वरपर हुन सक्ने विपद र दुर्घटनाहरूको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| २ | उल्लिखित विपद र दुर्घटनाबाट बच्ने सामान्य अभिनय अभ्यास गर्न | अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

### ६. कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | घरमा गरिने तरकारी खेती, अन्नबाली नगदेबाली, फलफूल र जडिबुटीको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| २ | स्थानीय तथा रैथाने प्रविधिहरु (ढिकी जाँतो) को नाम बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३ | आफ्नो वरपर रहेका घरेलु तथा साना उद्योगहरूको नाम बताउन | अवलोकन | | | | |
| ४ | घर तथा गाउँमा गरिने पशुपालनबारे बताउन स्थानीय तथा परम्परागत नापतौलबारे बताउन । | प्रश्नोत्तर, अवलोकन | | | | |
| ५ | आफ्ना अभिभावकको पेशा तथा व्यसायको नाम बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

कक्षाः २ विषयः शारदाको चिनारी विद्यार्थीको नामः रोल नम्वरः

**१. हाम्रो शारदा नगरपालिका**

| क्र. स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो गाउँ टोलको सामान्य परिचय दिन | प्रश्नोत्तर, अवलोकन | | | | |
| २ | आफू बस्ने स्थानका मुख्य टोल तथा वस्तिहरूको पचिान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३ | वडा भित्रका खोलानाला,ताल तलैया चौताराको अवस्थिति पत्ता लगाउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४ | वडा अध्यक्ष सहितका जनप्रतिनिधिका नाम बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

**२. प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा**

| क्र. स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | वनजंगल र पानीको महत्व बताउन | प्रश्नोत्तर | | | | |
| २ | स्थानीय वनजंगललाई आगलागीबाट जोगाउन गर्नुपर्ने उपाय बताउन | प्रश्नोत्तर | | | | |
| ३ | स्थानीय मेलाको सामान्य परिचय बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

**३. संस्कार, कला संस्कृति र मानवीय मूल्य**

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | अन्नप्राशन वा पास्नीको छोटो परिचय दिन | प्रश्नोत्तर | | | | |
| २ | स्थानीय जात्राको सामान्य परिचय | प्रश्नोत्तर | | | | |
| ३ | आदरार्थी शब्दको प्रयोग गरी मिलिजुलि बस्न सिक्नु | प्रश्नोत्तर, छलफल, वार्तालाप | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

**४. स्वास्थ्य र सरसफाइ**

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो शरीरको सरसफाइ गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| २ | शरीर सफाइ गर्दा हुने फाइदा बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३ | दैनीक रूपमा गरीने सरसफाइको सुची बनाउन | प्रश्नोत्तर | | | | |
| ४ | घर तथा विद्यालयको सरसफाइमा सहभागी हुन | अवलोकन, परियोजना कार्य | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

### ५. विपद् व्यवस्थापन

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | घर, टोल, बाटो र विद्यालय वरपर भएका विपदको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन, छलफल | | | | |
| २ | स्थानीय स्तरमा हुन सक्ने विपद र दुर्घटनाहरु जस्तै सडक दुर्घटना, खोलानाला, पहिरो आगलागीप्रति सजगता अपनाउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

### ६. कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो समुदायमा गरिने तरकारी खेती, अन्नबाली नगदेबाली, फलफूल र जडिबुटीको महत्व पहिचान गर्न | प्रश्नोत्तर, प्रदर्शनी, अवलोकन | | | | |
| २ | घर तथा स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक प्रविधिहरूका नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३ | आफ्नो स्थानीय स्तरमा रहेका उद्योग तथा कलकारखानाहरूको नाम बताउन | अवलोकन, प्रश्नोत्तर | | | | |
| ४ | स्थानीय वस्तुहरू (बाँस, माटो, पराल, खर, काठ) बाट निर्मित सामग्रीहरूको पहिचान गर्न र काम बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ५ | खानेकुराको श्रोत (कृषिजन्य र पशुजन्य) पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ६ | आफ्नो स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसायको नाम बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ७ | गाउँटोलका मानिसहरूले गर्ने पेसा र व्यवसायको सामान्य परिचय दिन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ८ | किनमेल गर्ने स्थानको नाम र सामानहरूको विवरण बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

कक्षाः ३ विषयः शारदाको चिनारी विद्यार्थीको नामः रोल नम्बरः

**१. हाम्रो शारदा नगरपालिका**

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफू बसेको नगरपालिकाको नाम र पालिका भित्रका वडाहरूको संख्या र पहिचान (नक्सामा रंग भरेर) | प्रश्नोत्तर | | | | |
| २ | आफू बसोबास गरेको नगरपालिका भित्रका मुख्य मुख्य सडकहरूको नाम र अवस्थिति पहिचान गर्न | प्रश्नोत्तर, नक्सा अवलोकन | | | | |
| ३ | आफू बसेको वडाका जन प्रतिनिधिहरूको ( वडा समिति)पहिचान गर्न | प्रश्नोत्तर, स्थलगत अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

**२. प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा**

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | वनका प्रकार र सामुदायिक वनको सामान्य चिनारी | प्रश्नोत्तर | | | | |
| २ | पानीको स्रोतको परिचय बताउन | प्रश्नोत्तर | | | | |
| ३ | स्थानीय मठमन्दिरको सामान्य परिचय अभिब्यक्त गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

**३. संस्कार, कला संस्कृति र मानवीय मूल्य**

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | कान छेड्ने (कर्णवेध) बारे संक्षिप्त परिचय दिन | प्रश्नोत्तर, अवलोकन | | | | |
| २ | स्थानीय बाजाको परिचय बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३ | आदरार्थी शब्द प्रयोग गरी अर्थपूर्ण वाक्य निर्माण गर्न | प्रश्नोत्तर, छलफल, समूह कार्य, वार्तालाप | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

**४. स्वास्थ्य र सरसफाइ**

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | स्वस्थ शरीरका लागि आवस्यक तत्वहरू ब्ताउन | प्रश्नोत्तर | | | | |
| २ | व्यक्तिगत सरसफाइका फाइदा र सरसफाइ नगर्दाका बेफाइदा बताउन | प्रश्नोत्तर | | | | |
| ३ | आफ्नो वरपरको वातावरणको सरसफाइमा सहभागी हुन | अवलोकन | | | | |
| ४ | ध्यान तथा योगाभ्यासमा सहभागी हुन | अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

## ५. विपद् व्यवस्थापन

| क्र. स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | घर, टोल, बाटो, विद्यालय र वडामा भएका विपदको पहिचान गर्न र बच्ने उपायहरु बताउन | प्रश्नोत्तर | | | | |
| २ | स्थानीय स्तरमा हुन सक्ने विपद र दुर्घटनाहरूको सामान्य परिचय दिन | प्रश्नोत्तर | | | | |
| ३ | स्थानीय स्तरमा हुन सक्ने विपद र दुर्घटनाहरूबाट बच्ने उपायहरु पहिचान गर्न र अवलम्बन गर्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

## ६. कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि

| क्र. स. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो वडा भित्र भएका पशुपालन, तरकरी खेती, नगदेवाली खेती, मसलाबाली खेती, फलफूल खेती ती तथा उत्पादन भएका सामानहरूको सूची बनाउन र पहिचान गर्न । | प्रश्नोत्तर, प्रदर्शनी, अवलोकन | | | | |
| २ | पेसालाई वर्गीकरण गर्न  र सम्मान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३ | स्थानीय स्तरका व्यावसायिक पेसाहरूको नाम बताउन | अवलोकन, प्रश्नोत्तर | | | | |
| ४ | स्थानीय र आधुनिक प्रविधिहरूको पहिचान तथा वर्गीकरण गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ५ | स्थानीय उद्योगहरूको सामान्य परिचय दिन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ६ | विभिन्न पेशा व्यवसायमा प्रयोग हने औजारहरूको नाम र प्रयोग गर्ने तरिका बताउन | प्रश्नोत्तर, छलफल | | | | |
| ७ | मौसम अनुसारको खेतिपातीको सूची तयार गरी बनाउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ८ | रैथाने प्रविधिको प्रयोगको अवलोकन गरी बताउन | परियोजना कार्य, अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मिति | | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | उपलब्धि प्रतिशत | | | | |

### ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप तथा कक्षा, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरु, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्नको लागि निर्माणात्मक मूल्याङ्कनको रूपमा आन्तरिक र निर्णयात्मक मूल्याङ्कनको लागि अन्तिम मूल्याङ्कनलाई लिइएको छ । यसको लागि कक्षा ४ देखि ८ सम्मको प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कन अन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशत भार) समावेश गरिएको छ । आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनको रूपमा समायोजन गरीनेछ । विद्यार्थीको समग्र मूल्याङ्कन गरी प्रमाणपत्र अर्थात् ग्रेडसिटमा दुवै मूल्याङ्कनको नतिजालाई समावेश गरिनेछ । आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन निम्नानुसार गर्नुपर्ने छ ।

### अ) आन्तरिक मूल्यांकन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छः

| सि.नं. | मूल्यांकनका पक्ष | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | **सहभागीता** | ४ | सहभागीता अन्तर्गत हाजिरी, कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्यलगायतका अन्य पक्ष रहनेछन् । |
| २ | **प्रयोगात्मक/परियोजना** | ३६ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरु समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ । |
| | क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी ( योजना) | ६ | |
| | ख) प्रयोगात्मक तथा परियोजना कार्य संचालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखिकरण | २० | |
| | ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ | |
| | घ) अन्तर्वार्ता | ४ | |
| ३ | **त्रैमासिक परीक्षा** | १० | पहिलो त्रैमासिकको लागि ५ अङ्कभार र अर्धवार्षिक परीक्षाको लागि ५ अङ्कभार हुनेछ । यसको लागि प्रत्येक परीक्षाको |

| सि.नं. | मूल्यांकनका पक्ष | अंक भार | कैफियत |
|---|---|---|---|
| | | | लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिने छ । |
| | **जम्मा** | **५०** | |

### (आ) अन्तिम परीक्षा

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरूदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्न लिखित विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । यहाँ कक्षा ८ को विशिष्टीकरण तालिका बनाईएको छ । यसलाई आधार लिई स्थानीय विषय अध्यापन गर्ने शिक्षकले अन्य कक्षा ( कक्षा ४, ५, ६ र ७)को विशिष्टीकरण तालिका बनाई प्रयोग गर्न सक्नेछन् ।

**विषयवस्तुको क्षेत्र / एकाइ  अनुमानित कार्यघण्टा (कक्षा १, २ र ३)**

| क्र.स. | क्षेत्र/एकाइ | अनुमानित कार्य घण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | हाम्रो शारदा नगरपालिका | ३४ | ३४ | ३४ |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | २५ | २५ | २५ |
| ३ | संस्कार, कला संस्कृति र मानवीय मूल्य | २५ | २५ | २५ |
| ४ | स्वास्थ्य र सरसफाइ | २५ | २५ | २५ |
| ५ | विपद् व्यवस्थापन | १५ | १५ | १५ |
| ६ | कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि | ३६ | ३६ | ३६ |
| **जम्मा** | | **१६०** | **१६०** | **१६०** |

**विषयवस्तुको क्षेत्र / एकाइ  अनुमानित कार्यघण्टा (कक्षा ४, ५, ६, ७ र ८)**

| क्र.स. | क्षेत्र/एकाइ | अनुमानित कार्य घण्टा | | | | |
|---|---|---|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | हाम्रो शारदा नगरपालिका | २४ | २४ | २४ | २४ | २४ |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | २० | २० | २० | २० | २० |
| ३ | संस्कार, कला संस्कृति र मानवीय मूल्य | २० | २० | २० | २० | २० |
| ४ | स्वास्थ्य र सरसफाइ | २० | २० | २० | २० | २० |
| ५ | विपद् व्यवस्थापन | १२ | १२ | १२ | १२ | १२ |
| ६ | कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| **जम्मा** | | **१२८** | **१२८** | **१२८** | **१२८** | **१२८** |

# अनूसूची २

## विशिष्टीकरण तालिका

**कक्षा ८** **विषय: शारदाको चिनारी**

**समय: १ घण्टा ३० मिनेट**

प्रश्न योजना तथा अङ्कभार वितरण

| एकाइ | क्षेत्र/एकाइ | पाठ्य घण्टा | पुर्णाङ्क | ज्ञान | | | वोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अंकभार | | | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो शारदा नगरपालिका | २४ | ९ | | १ | | | १ | | १ | | | | | १ | १ | २ | १ | १ | ४ | ४ | ९ |
| २ | प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा | २० | ८ | १ | | | १ | | | | १ | | | | १ | २ | १ | १ | २ | २ | ४ | ८ |
| ३ | संस्कार, कला संस्कृति र मानवीय मूल्य | २० | ८ | १ | | | १ | १ | | | | १ | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| ४ | स्वास्थ्य र सरसफाइ | २० | ८ | १ | | | | १ | १ | १ | | | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| ५ | विपद् व्यवस्थापन | १२ | ४ | | १ | | | १ | | | | | | | | | २ | | | ४ | | ४ |
| ६ | कृषि तथा स्थानीय पेशा व्यवसाय र प्रविधि | ३२ | १३ | १ | १ | | | १ | | | १ | १ | | १ | | १ | ४ | १ | १ | ८ | ४ | १३ |
| जम्मा | | १२८ | ५० | ४ | ३ | | २ | ५ | १ | २ | २ | २ | | १ | २ | ८ | ११ | ५ | ८ | २२ | २० | ५० |

**प्रश्न सङ्ख्या, अङ्कभार र समय तालिका**

| क्र.स. | प्रश्नको उत्तर | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | जम्मा अंकभार | समय |
|---|---|---|---|---|---|
| १ | अति छोटो प्रश्न | ८ | १ | ८ | २ घण्टा |
| २ | छोटो प्रश्न | ११ | २ | २२ | |
| ३ | लामो प्रश्न | ५ | ४ | २० | |
| जम्मा | | | | ५० | |

**द्रष्टव्य :**

- सामान्यतया ज्ञान तहका प्रश्न २० प्रतिशत, बोध तहका प्रश्न ३० प्रतिशत, प्रयोग तहका प्रश्न ३० प्रतिशत र उच्च दक्षताका प्रश्न २० प्रतिशत हुने छन्। तर संज्ञानात्मक क्षेत्रका तहहरु भित्रसमेत ±२ हुने गरी प्रश्न निर्माण गर्न सकिने छ ।
- उच्च दक्षताअन्तर्गत विश्लेषण, मूल्याङ्कन र सिर्जना रहने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।